
# पर्यटकीय तथा सांस्कृतिक प्रोफाइल प्रतिवेदन



शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर

# विषय सुची


परिच्छेद — एक परिचय....................4

१.१ पृष्ठभुमि....................4

१.२ उदेश्य....................5

१.३ कानुनी तथा नीतिगत व्यवस्था....................5

१.४ तयारी विधि तथा प्रक्रिया....................7

१.५ नगर पर्यटकीय सास्कृतिक प्रोफाइलको सीमा....................8

परिच्छेद — दुई नगरपालिकाको परिचय....................9

२.१ नगरपालिकाको परिचय....................9

२.२ राजनीतिक अवस्था....................11

२.३ धरातलीय अवस्था....................12

२.४ सांस्कृतिक उत्कृष्टता....................12

२.५ नगरपालिका भित्र रहेका धार्मिक, प्राकृतिक, सास्कृतिक सम्पदाहरूको विवरण....................25

परिच्छेद — तीन....................27

शुक्लाफाँटा नगरपालिका भित्र रहेका मुख्य-मुख्य पर्यटकीय सास्कृतिक सम्पदाहरूको बारेमा विस्तृत विवरण....................27

३.१ मणीकाधाम बैजनाथ धार्मिक पर्यटकीय स्थल....................27

३.२ झारखण्डी बैजनाथ मन्दिर....................29

३.३ डिलाशैनी भगवती मन्दिर....................30

३.४ घटाल बाबा मन्दिर तथा आश्रम....................32

३.५ रानाथारु संग्रालय....................32

३.६ रामजानकी मन्दिर....................34

३.७ कालिका मन्दिर....................35

३.८ सुनदेवी ताल....................36

३.९ शिव मन्दिर........................................................................................................37

३.१० बतासे झरनाः.....................................................................................................38

३.११ पशुपतिनाथ मन्दिर.................................................................................................40

३.१२ बैजनाथ मन्दिर......................................................................................................42

परिच्छेद-चार.................................................................................................................44

विविध........................................................................................................................44

४.१ शुक्लाफाँटा राष्ट्रिय निकुन्जः..........................................................................................44

४.२ कृष्णसार घासेमैदानः ..................................................................................................45

४.३ स्याली नदीः .............................................................................................................46

४.४ सुनबरा नदी ..............................................................................................................46

४.५ बनहरा नदीः ..............................................................................................................46

४.६ नगर पर्यटकीय सास्कृतिक स्थलका अवसर तथा सम्भावनाहरुः...............................................47

४.७ नगर पर्यटकीय सास्कृतिक स्थलका समस्याहरु .................................................................48

४.८ नगर पर्यटकीय सास्कृतिक स्थलका चुनौतिहरु...................................................................49

४.९ नगरपालिकालाई सुझावहरु.............................................................................................50

४.१० धार्मिक तथा पर्यटकीय स्थलहरुका केही तस्बीरहरुः.........................................................52

सन्दर्भ सामाग्रि ..............................................................................................................62

# परिच्छेद — एक परिचय

## १.१ पृष्ठभुमि

स्थानीय तहहरू विकासका प्रमुख र निर्णायक पात्रहरू हुन । नीति निर्माण, वित्तीय तथा मानविय श्रोत साधनहरूको परिचालन, व्यवस्थापन र राजनीतिक सहमति र पहल निर्माण गर्ने मुख्य तह अहिलेको स्थानीय सरकार हो । यसकारण नेपालको संविधान २०७२ मा उल्लेख भएको स्थानीय तहका अधिकारहरू, १५औं योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू, स्थानीय तह संचालन ऐन, २०७४ मा भएका व्यवस्थाहरू र संयुक्त राष्ट्रसंघिय दीगो विकास २०१५)- २०३०का ( लक्ष्यहरूले निर्दिष्ट गरेका सूचाङ्कहरू अनुसारका क्रियाकलापहरूको कार्यान्वयनको लागि स्थानीय सरकारको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । योजनावद्ध विकास प्रक्रियाको थालनी गरिएको मुलुकमा आधा शताव्दी बितिसकेको छ । यस अवधीमा हामीले केन्द्रीय योजना तर्जुमा तथा कार्यान्वयनमा मात्र ध्यान दियौं । नगरको योजना तर्जुमा स्थानीय तहकै लाभान्वित समुदाय तथा सरोकारवालाहरूको सहभागितामा निर्माण गर्न सकेको अवस्थामा मात्र योजना वास्तवमा यथार्थ र वस्तुनिष्ठ हुनपुग्छ । स्थानीय तहको योजना निर्माण वस्तुनिष्ठ तरिकाले तर्जुमा गर्नको लागि आवश्यक विभिन्न तत्वहरू मध्ये वस्तुस्थितिको यथार्थ तथ्यहरूको जानकारी हुनु पहिलो र आधारभुत कुरा हो । कुनै पनि योजना वैयक्तिक धारणा र मान्यताको आधारमा तर्जुमा हुन गयो भने त्यस्तो योजनाले जनताको वास्तविक आवश्यकता पहिल्याउन सक्दैन । योजना केवल कोरा कल्पनामा आधारित हुन्छ । साथै यसरी योजना तर्जुमा गरिएमा त्यस्ता योजनाको औचित्यलाई जनसमक्ष प्रमाणित गर्न अप्ठेरो पर्छ । वाह्य स्रोत साधन जुटाउने क्रममा वाह्य संस्था वा सरकारी निकायलाई तथ्यगत रूपमा योजनाको औचित्य प्रमाणित गर्न समेत कठिन हुन्छ । त्यसकारण स्थानीय क्षेत्रको सामाजिक, आर्थिक, भौतिक आदि विविध पक्षको सूचना को (तथ्य) संकलन र विश्लेषण हुनृ ु आवश्यक हुन्छ । नेपालको संवििधान २०७२ मा उल्लेखित स्थानीय तहको अधिकार क्षेत्र नेपालको संविधान अनुसूची-८ मा संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (१) को उपधारा २२६ र धारा (२) सँग सम्बन्धित स्थानीय तहको अधिकार प्रत्यायोजन गरिएकोछ । त्यस्तै, स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को धारा ११ मा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूचि ८ मा उल्लेख भए वमोजिम उपदफा २ को मा २ (ङ)" जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लौङ्गिक सशक्तिकरण सूचकाङ्क, राजश्व तथा आय व्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी नविनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय

सूचना प्रणालीमा आवद्धता र पाश्र्वचित्र तथा स्रोत नक्शाको अद्यावधि अभिलेखन" उल्लेख गरिएकोछ । अतः स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए अनुरूप गाउँ तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारका आधारमा रहि हालै निवार्चित स्थानीय तहको वस्तुगत विवरण तथा स्रोत नक्शा तयार गर्नु अपरिहार्य छ । व्यवस्थित योजना तर्जुमा बिना विकासको प्रतिफल न्यून जीवन स्तरका जनताको तहसम्म पुग्न सक्दैन । व्यवस्थित योजना तर्जुमाको लागि सूचनाको महत्व सर्वाधिक हुनु आवश्यक छ ।

## १.२ उदेश्य

क. नेपालको संविधान २०७२ को अनुसूचि ८ को क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन गर्नु पर्ने प्रावधान अनुरूप वस्तुगत विवरण मार्फत सूचिकृत गर्ने ।

ख. स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को धारा ११ मा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूचि ८ मा उल्लेख भए वमोजिम उपदफा २ को मा २ (ङ) "जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लौङ्गिक सशक्तिकरण सूचकाङ्क, राजश्व तथा आय व्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी नविनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्वचित्र तथा स्रोत नक्शाको अद्यावधि अभिलेखन" उल्लेख गरि वस्तुगत विवरण तथा स्रोत नक्शा तयार गरी नगरपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना र संचालनमा सहयोग पुर्याउने । साथै नगरपालिकाकालाई क्रमशः सूचना बैंकको रूपमा स्थापित गर्दै लैजाने ।

ग. सस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धि योजना तर्जुमा तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउने ।

घ. नगरपालिकाको पर्यटन प्रवर्द्धन तथा नगर क्षेत्रभित्र रहेका विभिन्न ऐतिहासिक तथा सास्कृतिक क्रियाकलाप, प्रथा, परम्पराहरुको संरक्षण र विकास गरी नगरपालिकालाई ऐतिहासिक तथा सुन्दर पर्यटकीय नगर निर्माणमा सहयोग पुग्ने ।

## १.३ कानुनी तथा नीतिगत व्यवस्था

परामर्शदाताले सम्पन्न गर्नु पर्ने कामको क्षेत्र निम्नानुसार रहेको छस्
संघीय शासन प्रणाली तथा देहायअनुसारका प्रमुख विद्यमान कानूनी तथा नीतिगत व्यवस्थामा आधारित रही र यस सास्कृतिक वस्तुगत विवरण तयारी कार्यविधि बमोजिम चरणबद्ध र

व्यवस्थित रूपमा नगरपालिका सास्कृतिक वस्तुगत विवरवण तयार गर्न सक्नेछन् ।सास्कृतिक वस्तुगत विवरण तयारीका कानूनी र नीतिगत आधारहरू निम्नानुसार रहनेछः ।

नेपालको संविधान (क)ः नेपालको सर्वविधानको अनुसूची ५ को क्रमसंख्या १३ मा केन्द्रीय तथ्याङ्क राष्ट्रिय), अन्तरराष्ट्रिय मानक र गुणस्तरलाई संघको अधिकारको सूचीमा सूचीकृत ( (४) को उपधारा ५७ गरिनेछ । संविधानको धारा, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा अनुसार स्थानीय तहको अधिकारको सूची (१) मा स्थानीय तहको अधिकारको ८ बमोजिम हुनेछ । नेपालको संविधानको अनुसूची ८ अनुसूची मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार ६ सूचीको क्रमसंख्यातथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरिनेछ ।

खनेपाल सरकारबाट स्वीकृत संघ (, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनः

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरणको केन्द्रीय तथ्याङ्क अन्र्तगत तथ्याङ्क सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र गुणस्तर निर्धारण, राष्ट्रियस्तरको गणना र सर्वेक्षण व्यवस्थापन, नेपाल स्टयाण्डर्ड वर्गीकरण र मापदण्ड विकास र प्रयोग र तथ्याङ्कसम्बन्धी सल्लाहकारी भूमिका बारे उल्लेख गरेको छ । यसैगरी प्रदेश तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी प्रदेश नीति, कानुन तथा मापदण्ड, नेपाल स्टयाण्डर्ड वर्गीकरण र मापदण्ड अनुसार प्रादेशिक तहको तथ्याङ्क व्यवस्थापन, प्रदेश तहको तथ्याङ्कको सूचना प्रणाली व्यवस्थापन तथा प्रादेशिक तथ्याङ्कीय अभिलेख संरक्षण र व्यवस्थापन आदी उल्लेख गरेको छ । संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारको विस्तृतीकरणले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कीय अभिलेख व्यवस्थापन, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारमा रहनेछ ।

गस्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश (, २०७४

स्थानीय तहको शासन संचालन सम्बन्धी विधेयक छलफलको प्रक्रियामा रहेकोले तत्काल स्थानीय तहको शासन सञ्चालन तथा व्यवस्थापनको लागि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४ जेठ २ गतेको निर्णय अनुसार स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ जारी भएको छ । यस आदेशको अनुसूची ३ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन बारेमा र अनुसूची ४ मा वडा कार्यालयहरूले योजना तर्जुमा र तथ्याङ्क अध्यावधिक गर्नु पर्ने व्यहोरा उल्लेख छ । प्रस्तुत आदेशमा जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय

सूचना प्रणालीमा आवद्धता र पाश्र्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखनलाई नगरपालिका वा नगरपालिकाको काम, कर्तव्य र अधिकार भनि उल्लेख गरिनेछ ।

घस्थानीय तहको योजना तथा बजेट तर्(जुमा दिग्दर्शन, २०७४

यस दिग्दर्शनको दफा १ मा "प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जूमा सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंङ्गले गर्नु पर्ने र योजना र बजेट तर्जूमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिती देखिने गरी वस्तुगत विवरण तयार गर्नु पर्ने छ" भन्ने व्यवस्था रहनेछ ।

ङ२०७४ स्थानीय सरकार संचालन ऐनः (

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद २ दफा ११ को उपदफा २ को च र (२) (२) ड को (३), ९४मा स्थानीय अभिलेख व्यवस्थापन (६) र (, दफा ११ को उपदफा (१), ९२को वडा समितिको काम १२ मा वेरोजगारको तथ्याङ्क संकलन तथा दफा (५) र (३) (, कर्तव्य अधिकार अन्तर्गत उपदफा २ को ख मा तथ्याङ्क अद्यावधिक तथा संरक्षणअन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधि गर्ने व्यवस्था रहनेछ ।

## १.४ तयारी विधि तथा प्रक्रिया

- तथ्याङ्क संकलन प्रश्नावली निर्माणः परामर्शदाता संस्थाले सास्कृतिक तथा पर्यटकीय वस्तुस्थिति तयारी सम्बन्धि विवरण संकलनको लागि एक निश्चित प्रश्नावली तयार गरी उक्त प्रश्नानावलीमा नगर क्षेत्र भित्र रहेका सबै प्रकारका सास्कृति प्राकृतिक ऐतिहासिक विवरणहरु सम्बन्धि तथ्याङ्क समावेश हुनुपर्ने गरी तयार गरिएको हो ।
- तथ्याङ्क संकलनको लागि आवश्यक जनशक्तिलाई उक्त प्रश्नावली सम्बन्धि तालीम प्रदान गरी सत्य तथ्य तथ्याङ्क संकलनका लागि दक्ष जनशक्ति तयार पारी कार्यक्षेत्रमा खटाइ तथ्याङ्क संकलन गराउने कार्य गरिएको थियो।
- तथ्याङ्क विश्लेशण तथा प्रतिवेदन तयार गरी नगरपालिकालाई हस्तान्तरण गरिएको छ।
- सास्कृतिक तथा पर्यटकीय क्षेत्रहरुको फोटो तथा जीपीएस लोकेसन सहितको विवरण संकलन गरी नगरपालिकालाई दिइएको छ ।

## १.५ नगर पर्यटकीय सास्कृतिक प्रोफाइलको सीमा

नगर पर्यटकीय सास्कृतिक प्रोफाइलमा नगरपालिकाले तर्जुमा गरेको कार्यविधि र कार्यक्रम सम्बन्धी कार्यक्षेत्रगत शर्त, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिश्दर्शन २०७४ र नेपालको संविधानमा व्यवस्था भएको अनुसूची ८ बमोजिम स्थानीय सरकारका एकल अधिकारमा उल्लेख भए वमोजिम, विगतमा भईरहेका अभ्यास, नगरपालिका शिक्षा स्थानीय पाठ्यक्रम शाखा बाट प्रमाणित भएको स्थानीय बिषय पाठ्यपुस्तक र वर्तमान गाउँपालिकाका आवश्यकता अनुसार यो पर्यटकीय सास्कृतिक विवरण संकलन गरिएको छ। यस विवरणमा धार्मिक, प्राकृतिक, सास्कृतिक सम्पदाहरूको विवरण तथ्यांक पूर्णतया प्राथमिक तथ्यांक संकलन प्रणालीमा आधारित छ। जसमा सरकारी, गैरसरकारी, संस्थानहरु, गाउँपालिकाका विभिन्न शाखा, उपशाखा र वडाहरुबाट तथ्यांक संकलन गरिएको छ। साथै यस पर्यटकीय सास्कृतिक प्रोफाइलमा पर्यटकीय सास्कृतिक स्थलहरुको श्रोत नक्साको प्रयोग पनि गरिएको छ। यसको प्रभावकारी प्रयोग मार्फत आफ्नो नगरपालिकामा अल्पकालीन, दीर्घकालिन योजना, गौरवका आयोजना, लक्षित वर्गका लागी योजना बनाई लागू गर्न सक्छ।

# परिच्छेद — दुई नगरपालिकाको परिचय

## २.१ नगरपालिकाको परिचय

नेपालको सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चल कञ्चनपुर जिल्लामा पर्ने यो शुक्लाफाँटा नगरपालिका नेपाल सरकारको मिति २०७३ साल फागुन २२ गतेको निर्णयानुसार देशभरी गठन भएका ७४४ स्थानीय तहहरू मध्ये एक स्थानीय तह हो। यस नगरपालिका समुद्र सतह देखि २३० मी उचाइमा रहेको छ।यस नगरपालिकाको पूर्वमा कृष्णपुर नगरपालिका, पश्चिममा शुक्लाफाटा रास्ट्रीय निकुन्ज र बेदकोट नगरपालिका, उतरमा डडेल्धुराको चुरे पर्वत र दक्षिणमा लाल्झाडी गाउँपालिका र शुक्लाफाँटा रास्ट्रीय निकुन्ज रहेको छ। यस क्षेत्रको हावापानी उष्ण र उपोष्ण प्रकारको रहेको छ।वार्षिक सरदर वर्षा १५७५ मि.मि. हुने गरेको यस नगरपालिका क्षेत्रको अधिकतम तापक्रम ३८ डीग्री सम्म पुग्ने गर्दछ भने न्यूनतम तापक्रम ९ डिग्री सेल्सियसमा झर्ने गर्दछ ।

साविकका दुइवटा झलारी र पिपलाडी गाविस तथा देखतभुली गा.वि.स. का ४ र ६ नं. वडाहरु समेत लाई समायोजन गरी स्थापना गरिएको यस नगरपालिकामा गाविसका जनसंख्या जोड्दा २०६८ सालमा ४५७२९ जनसंख्या रहेको थियो।राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार १२०५८ घरपरिवारहरूमा ५३९६९ जनसङ्ख्या रहेको छ।जसमध्ये महिलाको संख्या २९३८५२ पुरुषको संख्या २४५८४ रहेको छ।वडागत रुपमा जनसंङ्ख्याको विश्लेषण गर्ने हो भने सबैभन्दा बढि जनसंख्या वडा नं. ११ मा (७२९२) रहेको छ । त्यसैगरि सबैभन्दा कम जनसंख्या वडा नं. २ मा (२१८९) मात्र रहेको छ।१२ वटै वडाको पुरुष र महिलाको जनसंख्या तुलना गर्ने हो भने पुरुष भन्दा महिलाको जनसंख्या बढि रहको छ।तुलनात्मक विवरण वडागत रुपमा देहायको तालिकामा देखाइएको छ।

**वडा अनुसार जनसंख्या विवरण**

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २४७८ | ३०८१ | ५५५९ |
| २ | ९६६ | १२२३ | २१८९ |
| ३ | १०५९ | १३१५ | २३७४ |
| ४ | १७६८ | १९५७ | ३७२५ |
| ५ | २४७४ | ३१०१ | ५५७५ |
| ६ | १०१० | ११८१ | २१९१ |
| ७ | २५८१ | ३१८१ | ५७६२ |
| ८ | २८६४ | ३३१२ | ६१७६ |
| ९ | ११९१ | १५५७ | २७४८ |
| १० | २४२२ | २६९६ | ५११८ |
| ११ | ३३६१ | ३९३१ | ७२९२ |
| १२ | २४१० | २८५० | ५२६० |

| | | | |
|---|---|---|---|
| जम्मा | २४५८४ | २९३८५ | ५३९६९ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

शुक्लाफाँटा नगरपालिका बसोबास गर्ने जनसंख्यामा क्षेत्री, पहाडी बाहुन, थारु, रानाथारु, बिश्वकर्मा, परियार, मिजार आदि रहेका छन् । कुल जनसंख्याको ४०.२ प्रतिशत क्षेत्री, १८.९ प्रतिशत पहाडी ब्राह्मण, १४.३ प्रतिशत थारु,१० प्रतिशत थारु को जनसंख्या रहेको छ । यस नगरपालिकामा सबै भन्दा बढी जनसंखया क्षेत्रीको रहेको छ । दोस्रो पंक्तिमा पहाडी ब्राह्मण, तेस्रोमा थारु,, चौथोमा रानाथारु र पाचौ स्थानमा बिश्वकर्मा को रहेको छ । प्रमुख दश जातजाति र लिङ्ग अनुसारको बिस्तृत जनसंख्या बिवरण तपशिल अनुसार रहेको छ ।

**प्रमुख १० जातजाति र लिङ्गका आधारमा जनसंख्याको विवरण**

| विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| क्षेत्रि | ४०.२ | ३९.५ | ४०.७ |
| पहाडी बाहुन | १८.९ | १८.९ | १९ |
| थारु | १४.३ | १४.८ | १३.९ |
| रानाथारु | १० | १०.७ | ९.४ |
| बिश्वकर्मा | ४.७ | ४.५ | ४.९ |
| परियार | २.७ | २.६ | २.८ |
| मिजार | २.७ | २.५ | २.७ |
| लोहार | २.४ | २.३ | २.५ |
| ठकुरी | २.३ | २.२ | २.४ |
| सन्यासी/दसनामी | ०.६ | ०.६ | ०.५ |
| अन्य | १.२ | १.४ | १.२ |
| जम्मा | १०० | १०० | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

शुक्लाफाँटा नगरपालिकामा भाषाको आधारमा जनसंख्या हेर्दा नेपाली, डोटेली, थारु, रानाथारु, दार्चुलेली र बैतडेली भाषा बोल्ने जनसंख्या रहेको छ।सबै भन्दा बढि नेपाली र त्यसपछि क्रमिक रुपमा डोटेली र थारु भाषा बोल्ने जनसंख्या देखिन्छ।जम्मा जनसंख्याको ३८.१ प्रतिशतले नेपाली भाषा बोल्ने गरेको, १६.७ प्रतिशतले डोटेली भाषा बोल्ने गरेको र १५.७ प्रतिशतले थारु भाषा बोल्ने गरेको राष्ट्रिय तथ्यांक ले देखाउछ।प्रमुख दश मातृभाषा र लिङ्ग अनुसारको बिस्तृत जनसंख्या बिवरण तपशिल अनुसार रहेको छ।

**मातृभाषा र लिङ्गका आधारमा जनसंख्या विवरण**

| विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| नेपाली | ३८.१ | ४०.२ | ३६.४ |
| डोटेली | १६.७ | १६.६ | १६.८ |
| थारु | १५.७ | १६.३ | १५.८ |
| बैतडेली | १४.१ | १२ | १५.२ |
| रानाथारु | ८.४ | ८.९ | ७.९ |
| दार्चुलेली | २.२ | १.७ | २.७ |
| बझांगी | १.८ | १.७ | १.९ |
| अछामी | १.१ | ०.९ | १.३ |
| डडेलधुरी | १.०४ | ०.७ | १.३ |
| अन्य | ०.८६ | १ | ०.७ |
| जम्मा | १०० | १०० | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

नगरपालिकामा रहेका कुल जनसङ्ख्याको ५३१७४ अर्थात ९८.५ प्रतिशत जनसङ्ख्याले हिन्दू धर्म मान्दछन्।दोस्रोमा क्रिस्चियन धर्म मान्ने १.४ प्रतिशत रहेको छ र ०.१प्रतिशत मानिसहरु इस्लाम धर्मालम्बी रहेका छन् भने बौद्ध, बहई र किरात धर्म मान्नेहरुको जनसंख्या एकदमै न्युन रहेको छ।नगरपालिका भित्र धार्मिक विविधता रहेतापनि हिन्दु धर्मालम्बीहरुको वाहुल्यता रहेको देखिन्छ।पालिकावासीहरु जुनसुकै धर्मालम्बी भएतापनी आपसमा सद्भाव तथा सामाजिक सौहार्दता भने राम्रो रहेको देखिन्छ।नगरपालिकाको विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**धर्म र लिङ्गका आधारमा जनसंख्या विवरण**

| विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| हिन्दु | ९८.५ | ९८.५ | ९८.६ |
| बौद्ध | ०.०३ | ०.०३ | ०.०३ |
| इस्लाम | ०.१ | ०.१ | ०.०४ |
| क्रिस्चियन | १.४ | १.४ | १.४ |
| प्रकृति | ०.०१ | ० | ०.०१ |
| बहई | ०.०१ | ०.०१ | ०.०१ |

## २.२ राजनीतिक अवस्था

प्रशासनिक विभाजनका सन्दर्भमा, नेपालको सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चलको कञ्चनपुरमा अवस्थित यस नगरपालिकालाई १२ वटा वडामा विभाजन गरिएको छ। संघीय निर्वाचन क्षेत्र नं.२ तथा प्रदेश निर्वाचन क्षेत्र नं २(ख) मा पर्ने यो नगरपालिका इलाका नं ११

मा पर्दछ। संघीय गणतान्त्रिक नेपालको पहिलो संविधान जारी भए पश्चात सुदुरपश्चिम प्रदेशमा पर्दछ ।

## २.३ धरातलीय अवस्था

यो नगरपालिका २८° ९३′ उत्तरी अक्षांस र ८०°३७ पूर्वी देशान्तरमा अवस्थित छ।यस क्षेत्रमा नगरपालिका हुन पुर्व झलारी र पिपलाडी गरी दुई वटा गा.वि.स थिए र ती दुई वटा गा.वि.स तथा देखतभुली गा.वि.स. का ४ र ६ नं. वडाहरु समेत समायोजन भै २०७३ मा शुक्लाफांटा नगरपालिका बनाईएको हो।यो नगरपालिका जम्मा १२ वटा वडा मिलेर बनेको छ।जिल्लाको सदरमुकाम भीमदत्तनगर देखि २० कि.मि टाढा पूर्व तर्फ रहेको यस नगरपालिकाको क्षेत्रफल १६२.५७ वर्ग कि.मी. रहेको छ।स्थानीय बासीका अनुसार मुख्य पेशा कृषि रहेको यस नगरपालिकामा अधिकांश खेतियोग्य जमिन समथर रहेको र बलौटे र चिम्टयाईलो माटो पाइन्छ। सिंचाई सुविधा नपुगेका स्थानहरूमा जमिन मुनिको पानीबाट समेत सिंचाई हुने गर्दछ।यहाँका कृषकहरूले धान, गहु, मकै, फलफूलका साथै विभिन्न थरिका बेमौसमी तरकारी बालीको पनि उत्पादन गर्ने गरेको पाइन्छ।

## २.४ सांस्कृतिक उत्कृष्टता

शुक्लाफाँटा नगरपालिका धार्मिक तथा सामाजिक विविधताले भरिपूर्ण नगरपालिकाका रुपमा चिन्न सकिन्छ।यहाँ विभिन्न जातजाति, धार्मिक आस्था, भेषभुषा तथा भाषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरूको बसोवास रहेको छ भने बौद्ध, इस्लाम र इसाई धर्म मान्ने मानिसहरूको वसोवास तुलनात्मक रूपमा कम रहेको पाईन्छ।यहाँ सुदुरपश्चिमका पहाडी जिल्लाहरु दार्चुला, बैतडी, अछाम, बझांग, डोटी, डडेल्धुरा र बाजुरा बाट बसाई सराई गरी आएका बाहुन क्षेत्रिहरुको बाहुल्यता भएको पाइन्छ | आदिबासी थारु र रानाथारुको पनि राम्रै उपस्तिथी देखिन्छ | विभन्न जिल्लाबाट बसाई सराई गरी आएका स्थानीयहरू आ-आफ्नो धर्म संस्कार, भेषभुषा, बोलिभाषा, खानपिन र चालचलन बोकी आएका छन् | प्राय जसो दालभात, रोटि तरकारीनै खाने गरेता पनि बिशेष अवसरहरुमा बिशेष पकवान पकाउने गरिन्छ | पहाडी समुदायले चाडपर्व बिशेष परिकारमा सेल, लउन, पूरी(भित्र मासको दाल पिसेर राखेको बिशेष रोटि), पुतउका, बाबार, खिर, बट्कु, रोट, चुकाउनी आदि पकाउने गरेका छन्|बट्कु श्राद्धमा नभई नहुने परिकार हो | अरु जातजाति भन्दा भिन्न खानामा डूब्का, तितौड़ो, भट्टको चुड्कानि, पलेउ आदि पर्दछन् | भेषभुषाको कुरा गर्दा बाहुन क्षेत्रिहरुको मुख्य पहिरनमा पुरुषहरुको दाउरा सुरुवाल र महिलाहरुको घागरो र चोलो भएता पनि आधुनिकताले

गर्दा अहिले घागरो को लोप भएको अवस्था छ | पुरुषले पाइन्ट टि-सर्ट र महिलाले कुर्ता सुरुवाल, पाइन्ट टि-सर्ट र सारी ब्लाउज लाउने गरेको पाइन्छ |

तराईका धर्तिपुत्र मानिने थारु जातिको आफनै छुटै पहिचान, संस्कृति, रितिरिवाज, खानपिन, भेषभुषा र पहिरन छन|थारुहरुले बिहानको खाजालाई कल्वा, दिउसोको खानालाई मिन्ही र रातिको खानालाई बेरी भनिन्छ | खानपिनमा मुख्य गरी दालभात बाहेक माछा, सिद्रा, घोंगी आदि खान्छन र पिरो खाना धेरै मन पर्ने हुन्छ | चाडपर्वमा रक्सि, धिक्री, सुवर, घोंगी, फुलौरी आदि मुख्य भोजनको रूपमा चाहिन्छ।पारम्परिक रूपमा थारु जातिले बनाउने रक्सीलाई जाँड भनिन्छ।धिक्री भनेको चाहिँ चामलको पीठोलाई भिन्न भिन्न आकार दिएर पानीको बाफमा पाकाइएको परिकार हो।घोंघी रातभरमै छोडिन्छ जसले गर्दा सबै भित्रका गुईहरू बाहिर आउँछन्। तिनीहरूको पुच्छरको छेउ काटियो ताकि खोलबाट मासु बाहिर निकाल्न सजिलो होस्।तिनीहरूलाई उमालेर पकाइन्छ र पछि तरकारी जस्तो पनी मसाला थपेर धनिया, खोर्सानी,लसुन, र प्याज राखेर खाने चलन छ| थारुहरु मुसा गंगटो जस्ता परिकार पनि खाने चलन छ|

थारु पुरुषको प्रमुख पहिरन लगौंटी हो।त्यसका साथमा भेगुवा पनि हुन्छ। छरितो अस्कोट आकारको बहकटी चुलुवा कालो रङ्गमा लगाइन्छ।महिलाले लगाउने जस्तै रङ्गचिङ्गी फुन्हा पनि पुरुषहरूले अगाडी घाँटीबाट वेरेर पछाडि ढाडको तल्लो भागमा ल्याएर बाँध्छन्।यो नाडीमा पनि लगाइन्छ जुन पातलो कपडाको हुन्छ।सञ्जु चौधरीका अनुसार थारु पुरुषहरूको शिरमा प्रायः सामान्य किसिमको टोपी हुन्छ। त्यस्तो खास जातीय टोपी भने छैन।कतिपयले सेतो फेटा पनि बाँध्छन्।थारु महिलाहरूले प्रयोग गर्ने पोसाक एवं गरगहना धेरै प्रकारका छन्।जसमध्ये चोली र साथमा लेहेंगा (गोनिया) प्रमुख हुन्।यो सेतो वा रङ्गिविरङ्गी हुन्छ, गोनिया र चोलीका साथमा अघ्रहानलाई घाँटी हुँदै पछाडि ढाडमा ल्याएर फुन्हाले बाँधिन्छ।शिरमा मंगिमा लगाइन्छ।पाखुरामा वाँक र टगिया लगाइन्छ, त्यस्तै नाडीमा कक्नी लगाइन्छ।थारु महिलाहरूले जातीय पहिरनका साथमा घाँटीमा प्रशस्त गरगहना लगाउँछन्।धातुका यी गहना विभिन्न डिजाइनमा तयार पारिएको हुन्छ। घाँटीमा सुटिया, गट्टिया माला, टौंक, हैकल, कन्सेरी आदि लगाइन्छ।त्यस्तै खुट्टामा चुर्ला, काँरा र पाउजु लगाइन्छ। थारु जाति भित्रकै समुदाय रानाथारुको खानपिन मिल्दोजुल्दो छ | दालभात, रोटि तरकारी बाहेक परम्परागत खानामा बिशेष रूपले पुरी, गुलगुला, पापरा, कतरा, सिमही, ठच्चा आदि पर्दछन् | आकर्षक पहिरनको धनि रानाथारुको थारुको भन्दा भिन्न पहिरन हुन्छ | महिलाले लगाउने घघँरिया, अँगिया र उढनिया (उनियाँ) मुख्य पहिरन हुन्।परम्परागत हातबुना पहिरन खण्डखण्ड जोडेर निकै आकर्षक रुपमा तयार गरिन्छ। विभिन्न कपडाको मिश्रणसँगै गोट, तोइ, मगजी, घुट्टा, कञ्चट, सबैया,

कसिदा, अरसी, टिकुली, गिडासी,फुल्वा, सितारा र कन्ठी चालालाई जोडेर घघँरिया बनाइन्छ। अँगियामा मडना, मग्जी, बहँटी, कखौटी, जोकी, पछुवा, लाक, छाती, पछौटी, झालर, तिरपर, तनी, ताना जोडिन्छ । घघँरियाको मोटो भागले शरीरको तल्लो अङ्ग ढाक्नका लागि निकै सहयोग पुर्‍याउँछ नै, लगाएर हिंड्नका लागि समेत महिलाले निकै सहज महसुस गर्छन्। टाढैबाट पहिरन देखेर नै रानाथारु समुदायका महिला भनी चिन्न सकिन्छ । अँगिया महिलाले शरीरको माथिल्लो भागमा लगाउँछन् जुन निकै आकर्षक र बुट्टेदार हुन्छ। सितारा, फुलबुट्टासँगै कडाइ गरेर सजाइने गरिन्छ। उनियाँ टाउकामा ओढ्नका लागि बनाइन्छ। त्यससमेत बुट्टेदार हुन्छ। पहिले महिला र पुरुषले शरीरको माथिल्लो भाग ढाक्नका लागि 'फतुई' लगाउँथे। हाल त्यो लगाउने चलन भने हट्दै गएको छ। फतुई मोटो कपडाको बनाइन्थ्यो। फतुईको अगाडिको भागमा चाँदीका सिक्का जडान गरी सजाइन्थ्यो। चाँदीका सिक्काले सजाइएका फतुई आकर्षक र सुन्दर हुन्थ्यो नै, त्यस अतिरिक्त दुश्मनबाट बच्नका लागि प्रतिरक्षाको कार्यसमेत हुन्थ्यो। महिलाले कपालमा चाँदीको चाँपी, कानमा वीर, नक्बेसर, नाकमा नथुनी, घाँटीमा चाँदीको पैसाले बेरेको कालो धागो, त्यसको तल, कठुला, त्यसपछि हसुला, सकरगरेला र हाल लगाउने गर्छन्। पाखुरामा लगौरा, नाडीमा पहुँची, औंलामा कलात्मक औंठी, कम्मरमा सिक्रीवाला कैंधनी, पैंतलामाथि ढुन्नी, ढुन्नीको तल पैंडा र पायल लगाउने गर्छन्। गर्धनमा कण्ठ, गरिया र घिच्ची लगाउने गरेका छन्।उनीहरु पाखुरामा थडुवा, अँगियामाथि पैसाको माला पतुही तथा पाखुरा र कम्मरमा चालासमेत लगाउने गर्छन्।

बाहुन र क्षेत्रिहरु विभिन्न जिल्लाको भएपनि धेरै जसो संस्कार र चालचलन समान खालकै हुन्छन्| जन्म देखि मृत्यु सम्म मनाइने विभन्न संस्कारहरु मा सबै जातजातिको छुट्टै चालचलन हुन्छन| जन्मेको छैटौ दिनमा मनाइने छैटी, ११ औ दिन न्वारन, ६ महिनामा अन्नापरासन देखि लिएर मुण्डन, ब्रतबन्ध, बिबाह अनि मृत्यु संस्कारको लागि सबैका आ-आफ्नो चलनहरु छन्|आदिबासी कहलिएको थारु र रानाथारुको अरु जातजाति हरु भन्दा भिन्नै प्रकारका संस्कार र चालचलन हुन्छन |

### अ) स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरुको विवरण

यस नगरपालिकामा रहेका धार्मिक स्थलहरुमा विशेष पर्व र तिथि अनुसार मेला वा जांत हुने गर्दछन ।त्यसै दिन सम्बन्धित देवीदेवताको पूजा आराधना हुने गर्दछ।यस क्षेत्रमा नवरात्रिमा डिलासैनी, निङ्गलासैनी, दुर्गा मन्दिर, सिद्ध भगवती मन्दिर आदिमा मेला लाग्ने गर्छ।जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रीकृष्ण जन्माष्टमी, होलि, श्रीपंचमी, गौरापर्व, भुवा पर्व पहाडी समुदाय तथा हिन्दु धर्मालम्बीको मुख्य पर्व हुन् ।त्यसैगरी माघी, खडेहरा पर्व र आईतवारी थारु चौधरी समुदायको मुख्य पर्वका रुपमा रहेको छ भने क्रिस्मस

ईसाई धर्मालम्बीहरुका लागी महान् पर्वका रुपमा रहदै आएको छ। विभिन्न धर्मालम्बीहरुका आ आफ्नै चाडपर्व भएतापनि बदलिँदो समाजको स्वरुपका कारण सबै धर्मालम्बीहरुले सबैका चाडपर्वहरुमा उत्सव मनाउदै आएको पनि पाईन्छ ।विभिन्न अवसरहरुमा नाचिने थारु जातिको बिशेष नाचहरु जस्तै सखिया नाच , होरी नाच को छुट्टै महत्व रहेको पाइन्छ। त्यसैले परापूर्वकाल देखि नै चल्दै आएका यी र यस्ता सांस्कृतिक धरोहरहरुले समाजमा एकता र सौहार्दताको वातावरण सिर्जना गरेको पाईन्छ। स्थानीय रूपमा मनाइने चाडपर्व र बिशेष नाचहरुको बर्णन निम्न बमोजिम छ ।

**क. गौरा पर्वः**

गौरा सुदुर पश्चिम क्षेत्रको महत्वपूर्ण धार्मिक एवं सांस्कृतिक पर्व हो। गौरा पर्व विशेष गरेर डोटी र कुमाउँमा परापूर्व कालदेखी नै मनाउँदै आएको पर्व हो। गौरा पर्व भाद्र शुक्लको षष्ठी देखी अष्टमी सम्म पूजा आराधना संगै विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइन्छ। भाद्र शुक्ल पञ्चमीको दिन पाँच प्रकारका अन्न गहत, गहुँ, केराउ, मास र गुराँस तामा वा पित्तलको भाँडामा भिजाउने र घरको कुनै कुनामा राख्ने गरिन्छ। यस प्रकारको अन्नको मिश्रणलाई विरुडा भनिन्छ। विरुडा खास गरी गौराको मुख्य प्रसादको रूपमा लिइन्छ। दोस्रो अर्थात् षष्ठीका दिन अघिल्लो दिन भिजाएका विरुडा गाउँको नजिकैको पानीको मुहान सम्म लगी पखालिन्छ र गौराको प्रतिमा, जसलाई नोली गोरा भनिन्छ बनाई पूजा गरिन्छ।



तेस्रो दिन अर्थात् शुक्ल सप्तमीमा गाउँ भरिका महिला शुद्ध चोखो भई साँझ पख खेतबारीमा जाने र त्यहाँबाट धान, तिल, साउँ, काँस र कुश मिसाएर गौरीको प्रतिमा बनाई बेहुलीको रूपमा गौरालाई र शिवको प्रतिमाको रूपमा महेश्वरलाई पालैपालो शिरमा राखी सगुन (फाग) गाउँदै गौरा राख्ने घर सम्म ल्याउँछन्। यस समयमा पुरुषहरू देउडा खेल खेल्ने, चैते, धुमारी गाउने एक आपसमा दुखसुख साँटासाँट गर्ने

गर्दछन्। गौरा ल्याई राखिएको घरको आँगनमा यति सम्म रमाइलो हुन्छ की मानौं कुनै विवाह कार्यक्रम भइरहेको छ।



शिव र पार्वतीको प्रतिमाहरूमा विवाहको पुरापुर कर्मकाण्डहरू गरिने भएकाले शिव पार्वतीको विवाह महोत्सव जस्तै गौरा पर्वलाई मान्ने चलन रही आएको छ। चौथो दिन गौराष्ठमीमा शिव र पार्वतीका प्रतिमाहरूमा गौराको प्रसाद स्वरूप विरुडा अनि अन्य पुजाका सामाग्रीहरू चढाइन्छ। गौरामा एक प्रकारको रातो र कालो धागोबाट बनाइएको दुबधागो चढाइन्छ अनि विवाहित महिलाहरूले सोही प्रकारको दुबधागो घाँटीमा बाँध्ने चलन छ। जसरी विवाहित पुरुषहरूले जनै धागो धारण गर्ने गर्छन् सोही मान्यता अनुरूप विवाहित महिलाहरू दुबधागो बाँध्ने गर्दछन्। एवम् प्रकारले गौरा घरमा गौरा राखिए सम्म आठ बाला, चैती, धुमारी, देउडा खेल, न्याउल्या खेल लगाई बुढा पाका, युवा युवती सबैमा उत्साह एवम उमङ्गको माहौल हुने भएकोले यस पर्वलाई दुःख बिर्साइ सुखको बहार ल्याउने पर्वको रूपमा समेत लिइन्छ।

**ख. खखडेहरा पर्वः**

कैलाली र कन्चनपुरमा मात्रै बसोबास गर्ने राना थारुहरुले फागुपूर्णिमा वा होलीको अन्तिम दिन वा फागुपूर्णिमा पछिको आठौं दिनलाई खखडेहरा पर्वका रूपमा मनाइन्छ। होली पर्वको अन्तिम दिन खखडेहरा पर्व मनाइने गरिन्छ । राना थारू समुदायमा जिउँदो होली, मरेको होली र खखडेहराका रूपमा ३८ दिनसम्म होली पर्व मनाइने चलन छ । होली पर्वमा भगवान् श्रीकृष्ण, रामका कथाहरूलाई गीतमा ढालेर गाइने गरिन्छ । जिउँदो होली माघ पूर्णिमादेखि फागुपूर्णिमासम्म महिला पुरुष मिलेर ढोलको तालमा नाच्दै रातिका बेला गीत गाउँदै मनाउने गरिन्छ । होलीको टीकाको दिनदेखि आठौं दिन खखडेहराको दिनसम्म खेलिने होलीलाई मरेको होली भनिन्छ । खासगरी यो होली दिउँसो र राति दुवै समयमा खेल्ने गरिन्छ । खखडेहरा पर्व विशेषतः होलीलाई पुनः मथुरामै अर्को वर्षसम्मका लागि फिर्ता गरी बिदाइ गर्नु रहेको स्थानीय

मान्यता छ ।खखडेहराका दिन बिहानै गाग्री, टायल, खप्टा, सुकेको गोबर, जल गाउँको बाहिर लगेर जम्मा गर्ने चलन छ । त्यो जम्मा गरेको सामग्रीलाई गाउँका अगुवाले फुटाउने गरिन्छ । यसरी सामग्री फुटाउँदा रोगव्याधि र राक्षसी प्रवृत्ति हराउने विश्वास छ । फुटाएका सामग्री फर्केर हेरिँदैन, त्यसपछि घरमा आएर सबैले नुहाइधुवाइ गरी होलिका जलाएको खरानीको टीका लगाइन्छ ।यो चलन राना थारू समुदायमा पुर्खौदेखि चल्दै आएको छ ।



**ग. माघी पर्व:**

माघी थारु समुदायले सामुहिक रूपमा माघे संक्रान्तिमा मनाउने सबै भन्दा ठुलो चाड हो । यो पर्व मनाउन १ महिना अघिदेखि नै तयारी गरिन्छ । खानाका परिकार बनाउने आवश्यक सामानको जोहो गरिन्छ । पुष मसान्तमा सुँगुर मार्ने चलन छ । यस दिनलाई जीता मर्ना दिन भन्दछन् । प्राय बडघरिया वा भलमन्साको घरमा सुँगुर मारी गाउँभरिका सबैलाई आवस्यकता अनुसार मासु बाँडफाँट वा बिक्रीवितरण गरिन्छ । यस दिन मासु, ढिकरी, माछा लगायतको परिकार तथा जाँड रक्सी खानपिन गरिन्छ । त्यसपछि रातभरी धुनी बालेर धमार गाउदै मघौटा छोकरा र झग्रा नाच्ने चलन छ।

माघे संक्रान्तिको दिन बिहानै खोलानालामा गई सामूहिक माघ लहान (मकर-स्नान) गरिन्छ । स्नान गरेपछि तिलको आगो ताप्ने गरिन्छ । यसको गर्दा वर्षभरिको पाप नास हुन्छ भन्ने धार्मिक विश्वास छ । त्यस पछी घरमा आएर केहि दाल, चामल, नुन, पैसा आदि छोएर आफु भन्दा ठुलालाई ढोग गरी आशिर्वाद लिने चलन चलन छ। यसरी उठेको दाल, चामल, पैसा आदिमा केहि थप गरी माघी मनाउन माइती आएका छोरीचेलीलाई घर फर्कदा निसराउ(कोसेली) दिने गरिन्छ।माघी नुहाएपछि पुरानो रिसराग त्यागेर एकआपसमा अङ्कमाल गरी मेलमिलाप गर्ने चलन छ । त्यसैले माघी लाई आत्मीयताको पर्वका रूपमा पनि लिइन्छ । संक्रान्तिमा रोटि, तिलको लड्डु, मुरही, खरियाका साथै तरुल, गन्जी, अनदी चामलको भात, खिचडी आदि खाने चलन छ । यस पर्वमा थारू समुदायमा छोरी चेलीलाई उपहार दिने, नयाँ आर्थिक वर्षको कार्ययोजना बनाउने,

सामुदायिक सम्बन्ध प्रगाढ बनाउने, अगुवा चुन्ने र घरसल्लाह गर्ने जस्ता महत्वपूर्ण काम गरिन्छ ।

**घ. होरी पर्वः**



पश्चिम तराईमै बसोबास गर्ने आदिवासी राना समुदाय १५ दिन अघिदेखि होली मनाउँछन् (होरी) दिन राति १५। दिन दिउँसो १५र खेलिने होली राना समुदायमा परम्परागत चलन हो । यही चलनअनुसार अहिले केटाकेटी रातिकोसमयमा होरी नाच गरेर होली पर्व मनाउन थालेका छन् । यसलाई स्थानीय भाषामा जिन्दा होरी भनिन्छ (जिउँदो होली) । जिन्दा होरी चीर दहन नभएसम्म खेलिने गरिन्छ। रानाथारुले होली पर्व सुरु भएको पहिलो दिनदेखि एक महिनासम्म आफ्नै समुदायको हरेक घरबाट गुइँठा र तोरीको सुकेको डाँठ चोरेर गाउँभन्दा टाढा खुला क्षेत्रमा थुपार्ने गर्दछन् । उक्त चोरेको गुइँठा र तोरीको डाँठबाट होलिका बनाई चीर दहन गर्ने गरेको रानाथारु अगुवाहरू बताउँछन् । मथुरामा श्रीकृष्णले गोपिनी र राधासँग खेलेको लयमा आधारित गीत गाउँदै

रानाथारु मथुरा होली खेल्ने गरेका हुन् । होरीमा युवायुवती मिलेर सँगै गोलबद्ध भई फाग, होरी गीत गाउँदै रमाइलो गर्छन तर यो समयमा भने रंग लगाउदैनन् । होलिकाको पुतला बनाई चीर दहन गरेपछि भने रंगको टीका लगाएर मात्रै दिउँसो होरी खेल्ने चलन छ । त्योभन्दा अघि राति मात्रै होली खेल्ने गरिन्छ । राना पहिरन पुरुषले झगयी), फेटा र महिलाले गोट, घँघरिया, मँगिया, उनिया, घुँघट, रुखामा सजिएर ढोल बजाउँदै गोलबद्ध भई कृष्ण चरित्र (, राम चरित्र, देवी देउताका वीरताका गाथा गाउँदै खेल्ने गरिन्छ । चीर दहनपछि मात्रै रंगको टीका लगाउने गरिए पनि त्योभन्दा अघि भने रानाथारुले रंगबिना गीत गाएरै होली खेल्ने गर्छन् ।

**ङ. अटवारी (आइतबारी) पर्वः**

आटवारी पर्व दिदी बहिनीको अटल सौभाग्यको काम गर्दै बिशेष गरी थारु समुदायले मनाउने बिशेष पर्व हो । भाद्र शुक्लपक्षको प्रथम आइतबारका दिन दाजुभाइले दिदीबहिनीको दीर्घायुको कामना गर्दै दिनभरि पानीसमेत नपिई व्रत बसी पुरुषद्वारा नै यस पर्वमा साँझ पख




गुइँठाको आगोमा सल्लाको धूप बनाई बालेर भीमको पूजा गर्नु पर्ने चलन रहेको छ। व्रतपछि गहुँको पिठोबाट बनेको खुर्मा, अन्तीको चामलबाट वरिया, रोटी लगायतका पकवान र फलफूल अग्नि देवतालाई अर्पण गरी दिदीबहिनीलाई केही भाग छुट्याई बचेको बाँकी भाग व्रतालुले खाने चलन रहेको छ । व्रतालुले पकवान खानुअघि दिदीबहिनीका लागि निकालिएको हिस्सालाई कहार्नी भन्ने गरिन्छ । व्रत बसेको साँझपख बहरी भन्ने कोठामा गाईको गोबरले लिपपोत गरी गन्यारी भन्ने काठबाट तीन चारजना मिली आगो बाली पवित्र रोटी र परिकार पकाउने गरिएको छ । रोटी र परिकार बनाउने ठाउँमा व्रतालुबाहेक अन्यलाई जान र छुनसमेत बर्जित हुने गरेको छ ।पकाएको रोटीसँगै अन्य पकवानलाई व्रतालु सबैको भागसँगै अर्को भाग छुट्याउने गरिन्छ जसलाई अग्रासन भन्ने गरिन्छ । व्रतालुले आ—आफ्नो भागबाट अर्को भाँडामा खाने कुरालाई अलग्याएर राख्ने गर्छन्।अलग्याएर राखेको खानेकुरा आइतबारको भोलिपल्ट दिदीबहिनीलाई दिने चलन यस समुदायमा रहेको छ।दिदीबहिनी दाजुभाइ आउने ब्यग्र प्रतीक्षामा बसेका हुन्छन् । वर्षभरि माइतीमा आउन नपाएका दिदीबहिनीले दाजुभाइसँग भलाकुसारी गर्ने गर्छन् । अग्रासन दिएर फर्कने क्रममा दिदीबहिनीले दाजुभाइलाई उपहार दिने गर्छन् । अटवारीको दोस्रो दिन फुलौरी, केराउ, पटौला, ठच्चा लगायतका पकवान र माछाको सिद्रा व्रतालुले ग्रहण गर्ने गर्छन् । यो पर्व थारु समुदायको दशैंपछिको ठूलो चाडपर्वका रुपमा रहेको छ ।पौराणिक राजा दंगीशरणलाई शत्रुबाट बचाउन पाँच पाण्डव मध्येका भीमले सहायता गरी शत्रुमाथि विजय प्राप्त गरेकाले सोही दिनदेखि यो पर्व मनाउँदै आएको थारु बुद्धिजीविको भनाइ छ ।

## च. मणिका मेला (मुड्का जाँत):

शुक्लाफाँटा नगरपालिकामा विभिन्न पर्व, उत्सव, मेला, जात आदि हुने गर्दछन। यहाँ रहेका धार्मिक स्थलहरुमा बिशेष पर्व र तिथि अनुसार मेला वा जात हुने गर्दछन। त्यसै दिन सम्बन्धित देवीदेवताको पूजा आराधना हुने गर्दछन। यस क्षेत्रमा नवरात्रीमा डिलाशैनि , निग्लासैनी, दुर्गा मन्दिर, सिद्ध भगवती मन्दिर आदिमा मेला लाग्छ। महाशिवरात्रिका दिनमा शिवमन्दिरमा मेला लाग्छ । गौरा पर्वमा श्री रौलेश्वोर केदार चनैराज दोगाडा गौरा ब्यबस्थापन संस्थामा मेला लाग्छ । राम नवमीका दिन रामजानकी मन्दिरमा मेला लाग्छ । कृष्ण जन्माष्टमीका दिन राधाकृष्ण मन्दिरमा मेला लाग्छ । त्यस्तै मणिका धाममा फाल्गुन महिनाको शुल्कपक्षको नवमी तिथिको राति रतेडी भजनकिर्तन हुने



गर्छ भने फाल्गुन शुल्कपक्षको दशमी तिथिका दिन देवताको पूजा आजा हुने गर्दछ । मेलाको समयमा छड पगडी वा भण्डारवाला अर्थात भण्डारको कार्य डडेल्धुरा अमरगढी नगरपालिका वडा नं. २ कुस्माली ऐर परिवारका तर्फ बाट एकजना प्रतिनिधि भण्डारी छानिएको हुन्छ भने त्यस धाममा देवताको हवन, छाकन(घिउ) चढाउने, भित्रि पूजा गर्ने र पूजारिको रूपमा डडेल्धुरा अमरगढी नगरपालिका वडा नं. २ मौराडी जोशी परिवार तर्फबाट एक जना पूजारी चयन गरिएको हुन्छ । बिशेषगरी स्थानीय बासिन्दाको बालीनाली, धनजन, गौ, पशु वा सबैथोकको संरक्षककर्ताको रूपमा मणिका धाम वा बैजनाथ बाबालाई मानिएको छ । दशमीको दिन भगवान बैजनाथ बाबालाई चढाउनका लागि बाजागाजा बजाएर नेजा लग्ने र त्यस मन्दिरको वरिपरी परिक्रमा गरेर त्यो नेजा चढाउछन । त्रिशुल, अन्न, घिउ अर्थात पोखल चढाउने चलन छ ।

त्यसै दिन श्रद्धालु भक्तजन पूजा आजा गर्न आउछन भने उद्योग, व्यवसाय कलकारखाना वा स्थानीय क्षेत्रमा उत्पादन गरेका घरायसी काम लाग्ने बस्तुहरुको व्यापार पनि हुने गरेको पाइन्छ ।

**छ. सखिया नाचः**




थारु समुदायको यो बिशेष नाच श्रावन भाद्र महिनाको हरेरी पूजा देखि बिजयादशमी हुदै देवारी (तिहार) सम्म नाचिने गर्छ । दशैंको टीकाको दिनसम्म केटाकेटी मिली गरिने उक्त नाचमा दुष्टात्माको भवितव्यबाट बचाउन एक गुरुवाको व्यवस्था गरिएको हुन्छ । गाउँका बडघर र भद्रभलाझी यसका संरक्षक हुन्छन् । सखिया नाचिने थारू गाउँमा दशैं सुरु भएसँगै निकै रौनक हुने गरेको पाइन्छ । दिनभरिको काम भ्याइसकेपछि साँझपख नाचिने यो नाच दशैंको दिन दिनभरि नाच्ने गरिएको छ । यो नाचमा युवती नाच्ने र युवाले मादल बजाउने गर्छन् । जति धेरै मादल बजे, त्यति नै रौनकता आउँछ । यो नाचका लागि कम्तीमा चार/पाँच जना मादल बजाउने युवा हुन्छन् । १५/२० जना सखिया नाच्ने युवतीले सेतो रङको फरिया, रातो रङको चोलिया र रातो रङको रिबन लगाउने गर्छन् । सखिया नाचमा विशेषतः थारू समुदायको डेमनडौरा, घोटैली, जगनथ्वा, पसिया, कटकटुवा, जिन्गुनी, मदुवा, शिवपार्वती–, पाण्डव, कृष्ण लगायत देवीदेउतालाई गीतको माध्यमले प्रार्थना गरी शान्ति एवं रक्षाको माग गर्ने चलन रहिआएको छ । युवाले भने सेतो रङको धोती र रुचिअनुसारको कमिज लगाएर मादल भिरेका हुन्छन् । सखिया नाचमा विशेषतः युवकयुवती र विवाहित सबै उमेर समूहका महिला र पुरुषले नाच्ने गरेका हुन्छन् । नाचका लागि महिला समूहमा चार जना र पुरुषमा दुई जनालाई जिम्मेवारी दिइन्छ । महिलामा एक जना मोहरनिया, एक जना पचगिनिया र दुई जना जेठगोहिया

रहेका हुन्छन् । मोहरनियाले गीतको अग्रभागबाट सुरु गर्छन् भने पचगिनियाले पश्चय भागको गीत गाउने र जेठगोहियाले साथ दिने काम गर्छन् । त्यस्तै मादल बजाउने अगुवा, पछुवा मदरियाले त्रासन् मार्ने काम गर्छन् । थारू पहिरनमा सजिएर नाच्ने गरेका युवतीहरूले फेफी, बुलकी, मगौरी, झुम्का, बिजलीवाला, कनसेहरी, ऐरम, मङ्गौरी, तरिया, पछेला, गटैया, ततैया, कारा, घुङ्ना, कुकरलगौतीजस्ता थारू संस्कृति झल्किने गहना; गोन्या, चोल्या, फरियाजस्ता पहिरन र सात रङले सजिएको मञ्जिरा लगाएर नाच्ने गरेका छन् । गाउँका सबै साथीसङ्गी मिलेर नाचिने भएकाले यो नाचको नाम सखिया रहेको पाइन्छ । सखिया नाचले थारू गाउँको एकताको भावना प्रकट हुने गरेको पाइन्छ । यो नाच सकिएपछि जम्मा भएको पैसाले सबै मिलेर नदीबाट ल्याएको माछा र अन्य परिकार तयार पारी खाने प्रचलन छ ।

**ज. देउडाः**

सुदुरपश्चिमको सान देउडा यस नगरपालिकामा पनि बिशेष अवसरहरुमा उत्साहाका साथ खेलिने गरेको छ | देउडा पश्चिम नेपालका मेला, चाडपर्व, जाँतमा गाइने एक प्रकारको नृत्यप्रधान गीत हो | यस गीतमा गरिएको नृत्यलाई देउडा खेल अथवा न्याउले खेल भनिन्छ | यो गीत बिशेष गरी समुहमा प्रस्तुत गरिन्छ | नृत्य संगै डेढ कदम चलेर गोलो घेरा बनाई प्रस्तुत गरिने भएकाले यस गीतलाई देउडा नामकरण गरिएको मानिन्छ |यसमा खेल खेल्ने मान्छेहरू गोलो घेरा बनाइ पैतलिका साथ दुई समूहमा गीतै गीतमा सवाल जवाफ हुन्छ । यसमा प्रायः एक समूह युवा र अर्को समूहमा युवती रहेका हुन्छन् । युवायुवाबीच र युवतीयुवतीबीच युवा र युवतीबीच पनि यो सवाल जवाफको खेल हुन्छ । डेउडा गीतको हिसाबले र प्रयोगको हिसाबले धेरै प्रकारको हुन्छ । यसमा गायकहरूले विभिन्न ताल र लयको प्रयोग गरेर गायको देखिन्छ । कुनै तालमा बसेर गाइन्छ भने कुनैमा नाच्ने गरिन्छ । ठाडी भाका, हुड्क्यौली, धमारी, झोडा देउडा खेलका प्रकार हुन् | डेउडा खेलमा विशेष गरेर मायाप्रेम, विरह व्यथा, मानसिक भावहरूको अभिव्यक्ति तथा लोक जीवनका मार्मिक स्वरहरू प्रस्तुत भएको



पाउन सकिन्छ। राजनीतिक, सामाजिक तथा वैयक्तिक व्यंग्यका साथै सामाजिक उत्पिडन, विषमता जस्ता विषयहरू डेउडामा मिहीन किसिमले केलाइएर प्रस्तुत गरिएको हुन्छ। सामूहिक डेउडा खेल्दा देउडियाहरू ठुलो आँगन तथा चौरमा गोलो घेरा बनाएर मुखामुख गरी दुई समूहमा विभाजित हुन्छन्। दुवै समूहतिर दुई जना गीदाउडा हरू हुन्छन्। गीतको उठान गर्ने व्याक्तिलाई गीदाउडा अथवा खेलाउडा भनिन्छ। बाँकी सहभागीहरूले तिनले भनेको गीतलाई पछ्याउँदै, पाइतो (खुट्टाको ताल) मिलाएर डेउडा गायन र नृत्यमा झुम्मिन्छन्। यसरी प्रस्तुत गरिने सवाल जवाफलाई झिट्टा भनिन्छ। यसमा प्रायः सबैजसो मान्छेले खेल्न सक्ने सामान्य किसिमको नाच प्रस्तुत गरिन्छ ।

**झ ) होलिः**

होली हिन्दुको प्राचीन पर्व हो । होलिका दहनकै खुसियाली मनाउन आपसमा रङ र अबिर छरेर होली पर्व मनाउने परम्परा चलेको धार्मिक मान्यता रहिआएको छ । अर्को एक प्रसङ्गअनुसार द्वापर युगमा श्रीकृष्णलाई मार्ने उद्देश्यले दूध चुसाउन गएकी कंशकी सेना पुतना नामकी राक्षसनीलाई उल्टै कृष्णले मारिदिएकाले त्यसको शवलाई व्रजवासीहरूले यसै दिन जलाएर आपसमा रङ र अबिर छरी खुसियाली मनाएकाले त्यसैको सम्झनामा अद्यावधिक चीरदाह गरी होली खेल्ने परम्परा चलेको भनाइ छ । हिन्दु धर्म मान्नेहरूको बाहुल्यता भएको नेपालमा होलीको रौनक पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म




भव्य हुन्छ ।सुदूरपश्चिममा होलीको रौनक अझै फरक हुन्छ । विशेष सांस्कृतिक कार्यक्रम र त्यसमाथि रङहरूको वर्षाले सहरको होली अझै रमाइलो र राम्रो देखिन्छ । होलीमा पानी छ्याप्ने, अबिर, केशरीलगायत रङ लगाउने चलन छ। भारतको कुमाउ, गडवाल तथा उत्तराखण्डबाट भित्रिएको पर्वका रूपमा होलीलाई लिइने गरिन्छ। सामूहिक रूपमा भेला भई सबैको पायक पर्ने अथवा इष्टकुलदेवताको मन्दिर प्राङ्गणमा गई होलीको सुरुवात गर्ने चलन छ

। मन्दिरमा सुरुवात गरेपछि होली विधिवत् रूपमा सुरु भएको मानिन्छ । होलीका गीत नेपाली, कुमाउनी, गडवाली तथा हिन्दी भाषामा प्रख्यात छन्।रामायण कथामा आधारित होलीलाई लय मिलाएर सामूहिक रूपमा खेल्ने गरिन्छ । मन्दिरमा होलीको सुरुवात गरिसकेपछि गाउँका सबै घरघरमा गई होली खेल्ने निर्णय गरिन्छ । देउडा खेलेजस्तो गोलो घेरमा लाइनबद्ध भई मादल, मिजराको तालमा होलीको गायन गरिन्छ । एक समूहले भनेको कुरालाई अर्को समूहले दोहोर्याउने गरिन्छ । साथमा मादल र मिजराको धुनसमेत हुने गर्छ । सेतो कपडामा सजिएका होलीका सदस्य विभिन्न थरिका रङले सजिएका हुन्छन् । होलीलाई आशिष दिने पर्वका रूपमा पनि लिइन्छ । एउटा घरमा होली सकिने बेला विभिन्न आशिषका शब्दले होलीलाई अझ उल्लासमय बनाउने गरिन्छ । घरमा शान्ति होस्, रोजगारी मिलोस्, धनसम्पत्ति जोडियोस्, प्रदेशमा रहेकालाई सहज होस्, बच्चालाई रोग नलागोस् भन्ने आशिषसमेत दिने गरिन्छ । होली सम्पन्न गरेपछि घरका अभिभावकले चामल, पैसा, सखखर उपहार दिने गर्दछन् । होली विशेषगरी रामायण कथामा आधारित हुने गर्छ । राम वनवास हुने बेला सीतासमेत रामसँग हिँडेकी कथालाई समेत होलीका रूपमा चित्रण गरेको पाइन्छ । सुविधासम्पन्न दरबार छोडी रामसँग वनवास गएको सीताको कथालाई होलीमा वर्णन गरेको पाइन्छ । पूर्वी नेपालमा रङ दलेर होली मनाइने भए पनि सुदूरपश्चिमका पहाडी समुदायले डेउडाको लयमा श्रीकृष्ण र रामलगायत भगवान्का गाथा गाउँदै एकअर्कामा रङ दलेर होली खेलिन्छ । नगरपालिकामा दार्चुला, बैतडी समुदायको एक किसिमको होली छ भने डडेल्धुराको रूपाली होली छुट्टै छ । त्यसैगरी अछामी समुदायको होली पनि भिन्न तरिकाले मनाइने गरेको छ । राना थारू समुदायको होली पर्व पनि भिन्नै छ । होलीमा गाइने भगवान्को महिमा एउटै भए पनि खेल्ने तरिका फरक फरक छ ।होली मनाउने दिन र तरिका ठाउँअनुसार फरक फरक हुनेछ । होलीमा विशेषगरी ढोलक, मादल, मिजुरा, चिम्टा आदि लोक बाजाका साथ विभिन्न किसिमका लोक गाथा अभिनयका साथ प्रस्तुत गर्ने गर्दछन् । पछिल्लो समय भगवान् कृष्ण तथा भगवान् रामबाहेक देवीदेवताको गाथामा समेत आधारित होली प्रचलनमा रहेको पाइन्छ । अन्तिम दिन सामूहिक रूपमा भोज गरी होली विसर्जन गरिन्छ । होलीबाट सङ्कलन भएको नगद पैसाको केही भाग खर्च गरेर अन्य बाँकी पैसा सामाजिक कार्यमा लगाउने पनि गरिन्छ भने समाज सुधार समूह बनाएर कोषको रूपमा समेत जम्मा गरिन्छ । सामाजिक सद्भाव, वेशभूषाको संरक्षण गर्ने उद्देश्यले खेलिने होलीलाई शान्तिपूर्ण ढङ्गले सम्पन्न गरी घर फर्किने गर्छन् ।

**आ) होटल, रिसोर्ट, रेष्टुरेन्ट र होमस्टे सम्बन्धि विवरणः**

स्थानीय स्तरको उत्पादनलाई प्रबर्दन गर्दै नागरिकहरुलाई रोजगार बनाउन होटल, रिसोर्ट, रेष्टुरण्टहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ।यसले नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न

पनि मद्दत पुर्याउँछ।यो नगरपालिका देशकै मुख्य राजमार्गमा रहेकोले आन्तरिक तथा वाह्य पर्यटनको सम्भाव्यता बोकेको छ।स्थानीय व्यवसायीहरुलाई होटल, रिसोर्ट र होमस्टे संचालनको आचारसहिंता अनुसार संचालनका लागी प्रोत्साहन गरेमा पर्यटन तथा आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ। पर्यटन प्रबर्धनमा बिशेष प्राथमिकता दिएको यस नगरपालिकाले खयरकन्द्रा सामुदायिक होमस्टे लगायतका विभिन्न होमस्टेहरु निर्माण गरेको पाइन्छ।थारु, चौधरीहरुको राम्रै बसोबास भएकोले थारु संस्कृति, खानपानलाई होमस्टे मार्फत संरक्षण गर्न सकेमा पनि प्रयटन को विकास हुने देखिन्छ ।

## २.५ नगरपालिका भित्र रहेका धार्मिक, प्राकृतिक, सास्कृतिक सम्पदाहरूको विवरण

यस नगरपालिका क्षेत्रभित्र मणिका धाम, कृष्णसार, डिलासैनी मन्दिर, घटाल बाबा मन्दिर, इटाहा बाबा मन्दिर, शिव मन्दिर, झारखण्ड मन्दिर, बैजनाथ मन्दिर, शुक्लाफाँटा राष्ट्रिय निकुन्ज, सुनदेवी ताल, कालागौडी मन्दिर, बतासे झरना, झारखण्डी ताल, दन्ते गुफा, थारु संग्रहालय जस्ता पर्यटकीय महत्व बोकेका पर्यटकीय क्षेत्रहरू रहेका छन । यस क्षेत्रमा प्रत्येक दिन आगन्तुकको संख्या बढ्दै गइरहेको छ । यस क्षेत्रमा रहेको मणिका धाममा बैजनाथको मन्दिर र बैजनाथ ताल रहेको छ । कृष्णसार घाँसे मैदान कृष्णसार र बाह्रसिंगे जनावरको लागि प्रख्यात रहेको छ । झारखण्ड मन्दिर र तालको छुट्टै महत्व रहेको छ ।

नगरपालिकाका साँस्कृतिक पर्यटकीय स्थलहरु र तिनको अवस्थिति

| सि.नं. | पर्यटकीय साँस्कृतिक सम्पदाहरु | अवस्थिति |
|---|---|---|
| १ | कालिका मन्दिर | वडा नं.४ असैना |
| २ | मणिकाधाम बैजनाथ धार्मिक स्थल | वडा नं. ८ चुरेक्षेत्र |
| ३ | झारखण्डी बैजनाथ मन्दिर | वडा नं. २ ढकनिया |
| ४ | डिलासैनी भगवती मन्दिर | वडा नं. १२ कालागौडी |
| ५ | घटाल बाबा मन्दिर तथा आश्रम | वडा नं. १२ कुन्डा टोल |
| ६ | रानाथारु संग्रालय | वडा नं. ८ बैजनाथ सामुदायिक बन |
| ७ | रामजानकी मन्दिर | वडा नं. ११ कलुवापुर |
| ८ | सुनदेवी ताल | वडा नं. ७ चुरेक्षेत्र |
| ९ | शिव मन्दिर | वडा नं. १० झलारी बजार दक्षिण |
| १० | बतासे झरना | वडा नं. ८ चुरेक्षेत्र |
| ११ | दन्ते गुफाँ | वडा नं. ८ चुरेक्षेत्र |
| १२ | खैरकन्दा होमस्टे बैजनाथ थनवा | वडा नं ३ जोनापुर |
| १३ | पशुपति मन्दिर | वडा नं ७ सिमलफाँटा |
| १४ | भम्का | वडा नं ८ बैजनाथ सामुदायिक वन |

| | | |
|---|---|---|
| १५ | धारापानी | वडा नं ८ चुरेक्षेत्र |
| १६ | रौलेश्वरकेदार चनैराज दोगडा मन्दिर | वडा नं ११ दीपनगर |
| १७ | कृष्णसार घाँस मैदान | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज हिरापुर क्षेत्र |
| १८ | राम मन्दिर | वडा नं ६ वनसमिती |

# परिच्छेद — तीन

# शुक्लाफाँटा नगरपालिका भित्र रहेका मुख्य-मुख्य पर्यटकीय सास्कृतिक सम्पदाहरूको बारेमा विस्तृत विवरण

## ३.१ मणीकाधाम बैजनाथ धार्मिक पर्यटकीय स्थल

**परिचयात्मक खण्ड**

| | |
|---|---|
| **ठेगाना** | **शुक्लाफाँटा नगरपालिका वडा नं ८** |
| **क्षेत्रफल** | **करीब २५ बिघा** |
| **मुख्य सडकको नाम र लम्बाइ** | **झलारी बजार देखि उत्तर तर्फ पारीफाटा हुदै जाने सडक लगभग ११ कि.मि. दुरी** |
| Long.: | ८०॰ २४' ५४" |
| Lati.: | २८॰ ५८' ५४" |
| **वार्षिक पर्यटकहरूको संख्या** | ४०००-५००० |
| **मुख्य पुजारी** | **दत्त राम जोशी** |
| **धार्मिक तथा पर्यटकीय स्थलको वार्षिक आय** | **करीब ५ लाख** |



मणीकाधाम बैजनाथ धार्मिक पर्यटकीय स्थल सुदुरपश्चिम प्रदेश कंचनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिका भित्र रहेको प्रमुख धार्मिक पर्यटकीय स्थल हो।यो धार्मिक स्थल शुक्लाफाँटा नगरपालिका वडा नं. ८ को चुरेको फेदमा अवस्थित छ।यो धार्मिक स्थल २८॰ ५८' ५४" उत्तरी अक्षांस र ८०॰ २४' ५४" पूर्वी देशान्तरमा अवस्थित छ।यो धार्मिक स्थल समुन्द्री सतहबाट करिब ३०० मिटर उचाइमा रहेको छ।महेन्द्र राजमार्ग बाट ११ कि.मि उत्तरतर्फ यो मन्दिर पर्दछ।तराइको मैदानी भूभाग सकिए पछि केहि समय उकालो चढेर यो स्थानमा पुगिन्छ।यो क्षेत्र लगभग २५ बिघा जग्गामा फैलिएको छ।यो क्षेत्र चारै तिर हरियो सालको वनले गरिएको छ ।

**ऐतिहासिक पृष्टभूमि**

भारतको झारखण्ड बाट टनकपुर हुदै आएका मौराणी ब्राहमणले परापुर्व कालमा आफ्नो कुलदेवताको रूपमा पूजा गर्न स्थापना भएको भन्ने मान्यता रहेको छ ।यस क्षेत्रलाई स्थानीयहरू मुड्काको नामले चिन्ने गर्दछन । थारु भाषामा मुड को अर्थ शिर भएकाले यो मन्दिर उच्च स्थानमा रहेकोले यसको नाम मुड्का रहेको हो । यस धार्मिक स्थलमा रहेको तालमा मणि भएको सर्प बस्ने गरेकोले यसको नाम मणिका धाम रहन गएको स्थानीयको जनविश्वास छ ।



**धार्मिक तथा साँस्कृतिक महत्व**

बिशेष गरेर पहाडबाट वा अन्य क्षेत्र बाट बसाइसराइ गरेर आएका वा यहि बसोबास गरेका आदिबासिहरुले यस स्थानलाई मट्या देवताका रूपमा पुज्ने गर्दछन् । यस भूमिको रक्षाको लागि यहाका बासिन्दाहरुले धुपबत्ति, अन्न, अक्षता, चन्दन, घिउ, ध्वजा नेजा आदि चडाएर श्रदाभाव प्रकट गर्दछन् । यस धार्मिक स्थानमा पूजापाठ, बिबाह, बर्तबन्द आदि कार्यक्रम हुदै आएका छन् ।

**मेला/जात्रा/महोत्सव बारे जानकारी**

भगवान बैजनाथ र सिद्धनाथको पूजा गरिने यस तिर्थस्थल तथा धार्मिक स्थानमा फाल्गुन चैतको महिना मेला लाग्ने गर्दछ । फाल्गुन शुक्ल नवमीको राती भगवान बैजनाथको पूजापाठ गरिन्छ । नवमीको राती हुने पूजालाई स्थानीय भाषा रतेडी भन्ने गरिन्छ भने दशमीको दिनभरी पूजाआजा गरी विभिन्न स्थानबाट आउने धर्मावलम्बी भक्तजनहरुको भिड भई मेला लाग्ने गर्छ । विशेष गरेर बाहुन र क्षेत्रिहरु यो पूजामा सहभागी हुने गर्छन ।

**पर्यटक सम्बन्धि जानकारी**

एक आर्थिक बर्षमा करिब ४००० देखि ५००० पर्यटकहरुले यो धार्मिक स्थलको भ्रमण गरेको पाइन्छ । धार्मिक स्थल भएको कारणले बिशेष गरेर धार्मिक पर्यटक को गन्तब्य बन्ने गरेको पाइन्छ । प्रत्येक बर्षको फाल्गुन/चैत्र महिनामा लाग्ने मेला हेर्नको लागि कंचनपुर, कैलाली,

डडेल्धुरा लगाएत छिमेकी मुलुक भारतबाट पनि हजारौ संख्यामा पर्यटक आउने गरेको पाइन्छ । मणिका क्षेत्रको दर्शन गरेमा इछ्याएको फल पाइने जनविश्वासका कारण दर्शनार्थिको भिड लाग्ने गर्दछ। भगवती ताल, बैजनाथ मन्दिर, मणिकाधाम मन्दिर यस क्षेत्र प्रमुख पर्यटक आकर्षण केन्द्र हुन्।

## ३.२ झारखण्डी बैजनाथ मन्दिर

**परिचयात्मक खण्ड**

| | |
|---|---|
| **ठेगाना** | **शुक्लाफाँटा नगरपालिका वडा नं २** |
| **क्षेत्रफल** | **१.५ बीघा** |
| **मुख्य सडकको नाम र लम्बाइ** | **कलुवापुर बजार देखि दक्षिण तर्फ वनसाह हुदै ढकनीया जाने सडकबाट लगभग २ कि.मि. भित्र** |
| Long.: | ८०° २१' ३०" |
| Lati.: | २८° ५१' ३२" |
| **वार्षिक पर्यटकहरूको संख्या** | **३०००-४०००** |
| **मुख्य पुजारी** | |
| **धार्मिक तथा पर्यटकीय स्थलको वार्षिक आय** | **करीब २ लाख** |

यो धार्मिक स्थल शुक्लाफाँटा नगरपालिका वडा नं. २ ढकनीयामा अवस्थित छ । महेन्द्र राजमार्गमा रहेको कलुवापुर बन्सहा हुदै पुगिने ढकनीयामा यो मन्दिर रहेको छ । यो क्षेत्र लगभग १.५ बिघा जग्गामा फैलिएको छ ।

### ऐतिहासिक पृष्टभूमि

भारतको झारखण्ड बाट बसाई सरेर आएकाहरुले बि.सं.२०३४/३५ साल तिर मणिकाधामबाट शिला ल्याई स्थापना गरेपछी झारखण्डी बैजनाथ मानि पूजा गर्न थालिएको जनविश्वास रही आएको छ ।

### धार्मिक तथा साँस्कृतिक महत्व

यस मन्दिरमा त्रिशुल चडाई पूजापाठ गरेमा मनले चिताएको पूरा हुने र संकट हटि सुख शान्ति कायम रहने विश्वास गरिन्छ ।

### मेला/जात्रा/महोत्सव बारे जानकारी

यस मन्दिरमा विशेष गरेर नया वर्ष, तीज, गौरा र बिजया दशमीमा मेला लाग्ने गरेको छ । ब्राहमण र क्षेत्रिहरुको प्रमुख सहभागिता रहेको पाइन्छ ।

**पर्यटक सम्बन्धि जानकारी**

यस क्षेत्रमा एक आर्थिक वर्षमा करिब ३०००/४००० पर्यटक हरुले भ्रमण गरेको पाइन्छ ।



**स्थानीयहरुले आफ्नै लगानी र चन्दा दान सहयोगबाट निर्माण गरिएका संरचनाहरु**

- पक्कि घेरपर्खाल र प्रवेशद्वार निर्माण
- मन्दिरको पुनर्निर्माण को पहल
- आश्रम निर्माण
- भजनमण्डलीको पुनर्निर्माण

## ३.३ डिलाशैनी भगवती मन्दिर

**परिचयात्मक खण्ड**

| | |
|---|---|
| **ठेगाना** | **शुक्लाफाँटा नगरपालिका वडा नं १२** |
| **क्षेत्रफल** | **यकीन नभएको** |
| **मुख्य सडकको नाम र लम्बाइ** | **कलुवापुर बजार देखि दक्षिण तर्फ कालागौडी हुदै जाने सडकछेउमा लगभग ४ कि.मि. भित्र** |
| Long.: | ८०॰ २१' ३०" |
| Lati.: | २८॰ ५१' ३२" |
| **वार्षिक पर्यटकहरूको संख्या** | **३०००-४०००** |
| **मुख्य पुजारी** | **परमानन्द जोशी/अम्बादत्त जोशी** |
| **धार्मिक तथा पर्यटकीय स्थलको वार्षिक आय** | **करीब ३ लाख** |

शुक्लाफाँटा नगरपालिकामा रहेका धार्मिक स्थलहरु मध्ये डिलाशैनी भगवती मन्दिर एक प्रसिद्ध शक्तिपिठ हो । यो मन्दिर शुक्लाफाँटा नगरपालिका वडा नं. १२ कालागौडीमा अवस्थित छ

। यस मन्दिरको स्थापना बि.स. २०४४ चैत्र २३ गतेका दिन भएको हो । यो मन्दिर कलुवापुर बेलौरी सडकखण्डको पुर्व तर्फ सुन्दर शान्त वातावरणमा रहेको छ । यस मन्दिरको परिसरमा २ बिघा भन्दा बडी जमीन रहेको छ । यो धार्मिक स्थल २८° ५० ११" उत्तरी अक्षांस र ८०° २१ ४०" पूर्वी देशान्तरमा अवस्थित छ ।

**धार्मिक तथा साँस्कृतिक महत्व**

देवी भगवतीको रुप मध्ये एक रुप डिलाशैनी भगवती पनि हुन् । बैतडी डणपूरी बस्ने सल्याल जोशी परिवारबाट पूजारी रहने चलन छ।यो मन्दिरमा बिशेष पूजाआजाका बेलामा नेजा, घाँट, त्रिशुल आदि बाजागाजा बजाएर भगवतीको जयजयकार गर्दै चडाउने गरिन्छ।देवीको दर्शन गरी पूजा आजा गरेमा मनोकामना पूरा हुने बिश्वास रही आएको छ ।



**मेला/जात्रा/महोत्सव बारे जानकारी**

यस मन्दिरमा असोज महिनाको शुल्क पक्षको नवारात्रमा बिशेष मेला लाग्ने गर्दछ । अस्टमी तिथिका दिनमा भाकल अनुसार राँगा, बोका मन्दिर परिक्रमा गराएर बलि दिने चलन छ । यस्तै चैत्र नवारात्रमा पनि बिशेष पूजाआजा गर्ने चलन रही आएको छ ।

**पर्यटक सम्बन्धि जानकारी:** एक आर्थिक वर्ष मा लगभग २०००/३००० पर्यटकले यो धार्मिक स्थलको भ्रमण गरेको पाइन्छ ।

## ३.४ घटाल बाबा मन्दिर तथा आश्रम

**परिचयात्मक खण्ड**

| | |
|---|---|
| **ठेगाना** | **शुक्लाफाँटा नगरपालिका वडा नं १२** |
| **क्षेत्रफल** | **१ बीघा** |
| **मुख्य सडकको नाम र लम्बाइ** | **कलुवापुर बजार देखि दक्षिण तर्फ कालागौडी हुदै जाने सडकछेउमा लगभग ५ कि.मि. भित्र** |
| Long.: | ८०॰ २१' १२" |
| Lati.: | २८॰ ४८' ३९" |
| **वार्षिक पर्यटकहरूको संख्या** | **१०००-१५००** |
| **मुख्य पुजारी** | |
| **धार्मिक तथा पर्यटकीय स्थलको वार्षिक आय** | **करीब १ लाख** |

घटाल बाबा मन्दिर तथा आश्रम शुक्लाफाँटा नगरपालिका वडा नं. १२ कुन्डा टोलमा अवस्थित छ ।घटाल बाबाको मुख्य मन्दिर डडेल्धुरा जिल्ला को अमरगढी नगरपालिका वडा नं. ७ मा अवस्थित छ। घटाल बाबा मन्दिरको स्थापना वि.सं. २०५५ भएको हो भने आश्रम चाही वि.सं. २०७० मा आएर स्थापना भएको पाइन्छ।यो मन्दिर तथा आश्रमले करिब १ बिघा जमीन ओगटेको छ।यो धार्मिक स्थल २८॰ ४८' ३९" उत्तरी अक्षांस र ८०॰ २१' १२" पूर्वी देशान्तरमा अवस्थित छ।



## ३.५ रानाथारु संग्रालय

**परिचयात्मक खण्ड**

पर्यटकको आकर्षण बढाउनका लागि कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका—८ मा रहेको पर्यटकीय क्षेत्र भम्केपानी(भल्का)मा थारु संग्रहालयका लागि परम्परागत शैलीको भवन निर्माण गरिएको छ । यो संग्रालय २०८० सालमा निर्माण गरिएको हो ।रानाथारु संग्रालय तथा थारु होमस्टे अहिले शुक्लाफाँटा नगरपालिका वडा नं १२ मा पनि स्थापना गरीदैछ जसको भवन निर्माणाधिन अवस्थामा रहेको छ ।

## धार्मिक तथा साँस्कृतिक महत्व

संग्रहालय भवन निर्माण भएकाले थारु समुदायका संस्कृति झल्किने परम्परागत पहिरन, गहना, रहनसहनसँग सम्बन्धित वस्तु, कृषिमा प्रयुक्त हुने परम्परागत सामग्रीहरु राखिएका छन् । थारु समुदायले प्राचीनदेखि वर्तमानसम्म परम्परागत रुपमा प्रयोग गर्ने वस्तु राख्नका लागि १२ वटा थारु गाउँका स्थानीयहरुलाई जिम्मा दिइएको थियो । संग्रहालयमा थारु समुदायले प्रयोग गर्ने हेल्का, डिलिया, छिट्टुवा, पखै, डेल्वा, बेर्रि, पिर्का, पैना, चन्डोल, डोली, ढडिया, खोंगिया, पैवा, खराउ, चटुवा र डपलालगायतका सामान राखिएका छन्। यसैगरी हलो, जुवा, डोक्नी, भोक्टी, भौका, छिटनी, लैया, जवरा, अष्टम्कीलगायत सामान पनि छन्। लरिया, लहरु, बगरुवा, कुवाँ समेत संग्रहालय परिसरमा राखिएका छन्। थारू महिलाहरुले लगाउने नथिया, फुली, बुलाकी, ढुङ्ग्री, टर्की, झुम्का, माला, गटैया, सुतिया, बाजु, चुरुवा, कारा, पहिरी, विच्छयालगायतका गहना समेत राखिएका छन्। यस्तै, महिलाले लगाउने लेहंगा, चोली र पुरुषले लगाउने धोती, कमिज, अंगच्छा, विवाहमा प्रयोग हुने डोली, डोला समेत संग्रहालयमा राखिएको छ ।परम्परागत नृत्य तथा संस्कृति देखाउनका लागि अलग्गै परम्परागत शैलीको घर निर्माण गरिएको छ । हराउँदै गएको थारु संस्कृति र सामग्री हेर्न नपाएकाका लागि संग्रहालयमा सामग्रीको जोहो गरिएको छ। भल्का थारु समुदायको परम्परागत धार्मिकस्थलका रुपमा रहेको छ।भल्कामा रहेको कुण्डमा पानीमाथि उफ्रने गर्दछ। कुण्डको पानी गर्मीमा चिसो र चिसोमा गर्मी हुने गर्दछ। यस क्षेत्रप्रति थारु समुदायको अगाव श्रद्धा रहेकाले उनीहरुले सोमबारे औँशी, माघेसंक्रान्ति बेला यस क्षेत्रमा पुगी पूजा गरी कुण्डमा अनिवार्य नुहाउने गर्दछन् । पौराणिककालदेखि यस क्षेत्रले धार्मिक मान्यता पाउँदै आएको छ ।

## मेला/जात्रा/महोत्सव बारे जानकारी

माघी संक्रान्तिका बेला यस क्षेत्रमा ठूलो मेला लाग्ने गर्दछ।मेलामा आउनेले भल्कामा रहेको कुण्डमा नुहाएमा सबै पाप कर्म नास हुने र चर्मरोग हटेर जाने विश्वासका साथ यहाँ पुग्ने गरेका छन् ।

## हालको भौतिक पुर्वाधारहरु लगायतको जानकारी

काठ र माटोको प्रयोग गरी नगरपालीकाको वडा कार्यालयले छ लाख बढीको लगानीमा संग्रहालय भवन निर्माण गरेको हो। भवन निर्माणका लागि वडा कार्यालयले दुई लाख र स्थानीय बासिन्दाले चार लाख बढीको श्रमदान गरेका छन्। भवन संगै पर्यटकीय क्षेत्रमा दुई वटा पक्की शौचालय समेत निर्माण गरिएका छन्।

**पर्यटक सम्बन्धि जानकारी**

थारु समुदायका संस्कृति, रहनसहन र जनजीविका झल्काउने संग्रहालय अवलोकन गर्न आउने पर्यटकको आकर्षणको केन्द्र बनेको छ । बर्षेनी करिब २०००/३००० पर्यटकले यो क्षेत्रको भ्रमण गरेको पाईएको छ ।

**अनुदान तथा सहयोग सम्बन्धि जानकारी**

भवन निर्माण को लागि वडा कार्यलयले २ लाख र स्थानीय बासिन्दाहरुले ४ लाख बराबरको श्रम दान गरेका छन् | संग्रालयमा राख्ने बस्तु जोरजाम को लागि ३ लकं रकम बिनियोजन भएको

## ३.६ रामजानकी मन्दिर

**परिचयात्मक खण्ड**

| | |
|---|---|
| **ठेगाना** | **शुक्लाफाँटा नगरपालिका वडा नं ११** |
| **क्षेत्रफल** | **२ बीघा** |
| **मुख्य सडकको नाम र लम्बाइ** | **कलुवापुर बजार नजिकै** |
| Long.: | ८०॰ २२' ३८" |
| Lat.: | २८॰ ५४' ८०" |
| **वार्षिक पर्यटकहरूको संख्या** | **१०००-१५००** |
| **मुख्य पुजारी** | |
| **धार्मिक तथा पर्यटकीय स्थलको वार्षिक आय** | **करीब १ लाख** |

रामजानकी मन्दिर शुक्लाफाँटा नगरपालिकाको वडा नं. ११ अमरपुर राजमार्गको उत्तर तर्फ कल्वापुर चौराहा नजिकै अवस्थित छ । वि.सं. २०५७ साउन २ गते यो मन्दिरको स्थापना भएको हो।यो मन्दिरमा राम संगै लक्ष्मण र हनुमानको पनि पूजा गरिन्छ।यस मन्दिर नजिकै शिव गोरखनाथ र देवी भगवतीको मन्दिरको साथै एक सय आठ चक्रव्युह रहेका छन्।यो मन्दिर २ बिघा जग्गामा फैलिएको छ।स्थापना काल देखि नै डडेल्धुरा अजयमेरु वडा नं. २ वाट पूजारी आएर पूजा गर्ने चलन छ ।

**धार्मिक तथा साँस्कृतिक महत्व**



राम जानकी मन्दिर दर्शन गरी त्यहाँ रहेका एक सय आठ चक्रव्युहको परिक्रमा गरेमा सङ्कट हट्ने जनविश्वास रही आएको छ । भूतप्रेत र अनिष्ट हटाउनको लागि यो मन्दिरको स्थापन गरिएको बिश्वास रही आएको छ । विबाह, ब्रतबन्ध लगायतका शुभ कार्य यो मन्दिरमा सुसम्पन्न हुने गरेका छन् ।

**मेला/जात्रा/महोत्सव बारे जानकारी**

यो मन्दिरमा चैत्र शुल्कपक्षको रामनवमी तिथिमा मेला लाग्ने गरेको छ । कृष्ण जन्माष्टमी, शिवरात्रि, तीज र बैसाख शुक्लपक्षको नवमी तिथिमा सीता जयन्ति मनाउने गरिन्छ । बुद्ध पूर्णिमाको दिन यस मन्दिरको स्थापना दिवस मनाउने गरिएको छ ।

## ३.७ कालिका मन्दिर

**परिचयात्मक खण्ड**



धार्मिक आस्थाको केन्द्र कालिका मन्दिर शुक्लाफाँटा नगरपालिका वडा नं. ४ असैनामा अवस्थित छ । यो मन्दिरमा बिशेष गरी देवी भगवतीको रुप कालिका माताको पूजा गरिन्छ ।

अछामबाट बसाई सराइ गरी आएका स्थानीयहरुले यो मन्दिरको स्थापना गरेको पाइन्छ ।

यो मन्दिरमा कालिका माताको वि.सं. २०२५ भन्दा अघि देखि नै पूजा गर्दै आएको भन्ने बिश्वास छ । यो मन्दिर करिब २ कट्टा जग्गामा फैलिएको छ । झलारी बजारको दक्षिण तिर १ कि.मि. को दूरीमा यो मन्दिर अवस्थित छ ।

**धार्मिक तथा साँस्कृतिक महत्व**

यो मन्दिरमा नवरात्रभरि र चैते दसैंमा बिशेष पूजाआजा हुने गरेको छ । आ-आफ्नो मनोकामना पूरा हुने जनविश्वासले स्थानीयहरुले यहाँ राँगा, बोकाको बलि दिने चलन रहेको छ । भक्तजनहरुले यस मन्दिरमा नेजा, घण्ट, त्रिशुल आदि चढाउने गरेका छन् । भक्तजनहरुले सुख शान्ति र मनोकामना पूर्ण हुने विश्वासका साथ यस मन्दिरमा पूजा आजा गर्ने गरेका छन् ।

**मेला/जात्रा/महोत्सव बारे जानकारी**

यो मन्दिर बिशेष गरेर असोज शुल्क पक्षको अष्टमी र चैत्र शुल्कपक्षको अष्टमीमा मेला लाग्ने गरेको छ ।

## ३.८ सुनदेवी ताल

**परिचयात्मक खण्ड**

प्राकृतिक सौन्दर्यले भरिपुर्ण सुनदेवी ताल शुक्लाफाँटा नगरपालिका वडा नं. ७ चुरे पर्वतको काखमा अवस्थित छ । नगरपालिकाको झलारी बजारदेखि झन्डै १५ किलोमिटरको दूरीमा रहेको यो तालसम्म पुग्नको लागि आठ किलोमिटर निजि सवारी साधनमा र त्यसपछि पैदल हिड्नु पर्ने हुन्छ । करिब ७०० मिटर लम्बाइ र ४०० मीटर चौडाइ भएको सुनदेवी तालमा रहेको पनि हावाको वहाबसंगै निलो र पहिलो रङ्गको देखिने गरेको छ । तालमा रहेको पानी सुन जस्तै एकनासको पहेलो देखिने गरेकाले यस तालको नाम सुनदेवी रहन गएको भन्ने विश्वास छ । तालको वरिपरी घना वन क्षेत्र भए पनि तालमा रूखबाट खस्ने पात भने कहिँ कतै देखिदैन। ताल सधै सफा रहेको पाइन्छ।

### धार्मिक तथा साँस्कृतिक महत्व



सुनदेवी तालको छेउमा भगवतीको थापना पनि रहेको पाइन्छ। स्थापना स्थलमा सन् १६७३ का पुराना ठुला घन्टी राखिएकाले यो क्षेत्र प्राचिनकालदेखिनै धार्मिक क्षेत्रका रूपमा समेत परिचित रहेको पुष्टि हुन्छ । त्यो थापनामा भाकल गरे निसन्तानले सन्तान प्राप्त गर्ने जनविश्वासका कारण यो क्षेत्रमा नवरात्रका बेला भाकल गर्ने र बर माग्नेको घुइंचो लाग्ने गरेको छ। नवरात्र, दशैं, तिहार, माघेसंक्रान्तिमा पूजापाठ र भाकलका लागि भक्तजनहरु यो क्षेत्रमा पुग्ने गरेका छन् । विवाह, ब्रतबन्ध र स-साना नानीको कपाल मुण्डनका लागि पनि भक्तजन यहाँ पुग्ने गरेका छन् ।

### मेला/जात्रा/महोत्सव बारे जानकारी

चारैतिर पहाड र घना सालको वनको बिचमा अवस्थित तालको मनमोहक दृश्यले यहा पुग्ने पर्यटकलाई मन्त्रमुग्ध पार्ने गरेको छ । स्थानीय विद्यालयका विद्यार्थीले पिकनिक खान र धार्मिक पर्यटक भने सुनदेवी तालको दर्शनक लागि यहाँ आउने गरेका छन् ।

## ३.९ शिव मन्दिर

### परिचयात्मक खण्ड

| | |
|---|---|
| **ठेगाना** | **शुक्लाफाँटा नगरपालिका वडा नं १०** |
| **क्षेत्रफल** | **२ बीघा** |
| **मुख्य सडकको नाम र लम्बाइ** | **महेन्द्रराजमार्ग देखि दक्षिण १५० मि.** |
| Long.: | ८०° २०' ४६" |
| Lati.: | २८° ५४' ३९" |
| **वार्षिक पर्यटकहरूको संख्या** | **१०००-१५००** |
| **मुख्य पुजारी** | |
| **धार्मिक तथा पर्यटकीय स्थलको वार्षिक आय** | **करीब १.५ लाख** |

सुदुरपश्चिम प्रदेश कंचनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिका भित्र रहेका प्रमुख धार्मिक स्थलका साथै सबैभन्दा पुरानो मन्दिर शिव मन्दिर हो ।यो धार्मिक स्थल शुक्लाफाँटा नगरपालिका वडा नं. १० को झलारी, महेन्द्रराजमार्ग देखि दक्षिण १५० मि. जति टाढा रहेको छ।यस मन्दिरमा वि.सं. १९९५ साल भन्दा पहिला देखि नै मेला लाग्ने र यहाका आदिबासीले शिवजिको अभिषेक पूजाअर्चना गर्दै आएका थिए।यो मन्दिरमा नियमित रूपमा पूजापाठ भजनकिर्तन हुने गरेको छ।वि.सं. २०५६ सालमा बाबा भगत गिरिज्युको प्रेरणाबाट श्री जोगराम ऐरकी सुपुत्री फुलेली गाउँ बस्ने कमल सिंह ऐरकी श्रीमती कलावती ऐरले हालको यो मन्दिरको निर्माण गरेको भन्ने जानकारी शिलालेखमा स्पष्ट हुन्छ।



**मेला/जात्रा/महोत्सव बारे जानकारी**

यस मन्दिरमा फाल्गुन कृष्ण चतुर्दशीका दिन महशिवरात्री मेला लाग्दछ ।त्यो मेलामा सहभागी हुनको लागि छिमेकि नगरपालिकाहरु बाट समेत दर्सनार्थीहरुको उपस्तिथी हुने गरेको छ |

## ३.१० बतासे झरनाः

परिचयात्मक खण्ड

| | |
|---|---|
| **ठेगाना** | **शुक्लाफाँटा नगरपालिका वडा नं ८ चुरेक्षेत्र** |
| **क्षेत्रफल** | **यकिन नभएको** |
| **मुख्य सडकको नाम र लम्बाइ** | **महेन्द्रराजमार्ग देखि उत्तर तर्फ करीब १७ कि.मि.** |
| Long.: | ८०॰ २७' २५" |
| Lati.: | २८॰ ५९' ६०" |
| **वार्षिक पर्यटकहरूको संख्या** | **५०००-७०००** |

कञ्चनपुर जिल्ला शुक्लाफाँटा नगरपालिका वडा नं ८को चुरेक्षेत्रमा अवस्थित यो झरनाको अवलोकन गर्न झलारी बजार देखि उत्तर तर्फ पारीफाटा प्रसिद्ध धार्मिक स्थल मणीकाधाम हुँदै पर्यटकीय गाउँ धारापानी सम्म लगभग ८-१० किलोमिटर गाडीको यात्रा गरी त्यँहाबाट झरना सम्म बतासे झरना पर्यटकीय पदमार्गमा लगभग ३-४ किलोमिटर पैदल यात्रा गरी प्राकृतिक रुपले सुन्दर शान्त रमणीय मनोरम पर्यटकीय स्थल बतासे झरनाको आफ्नै आखाँले अवलोकन गर्न सकीन्छ । समुन्द्रि सत्तह देखि लगभग ७०० मिटर उचाईमा अवस्थित बतासे झरना जाने बाटोमा पर्यटकीय गाउँ धारापानीको पनि अवलोकन गर्न सकीन्छ । धारापानी शुक्लाफाँटा नगरपालिपका भित्र रहेको एक प्रसिद्ध वनभोज स्थल(Picnic spot) हो जहाँ वनभोज जाने समुह तथा समुदायहरुलाई रमाइलो गर्न विभिन्न भौतिक संरचनाहरु निर्माण गरीएका छन । धारापानीमा ३-४ वटा साना साना खाजा नास्ता गर्ने होटलहरु रहेका छन । बतासे झरना डडेलधुरा जिल्लाको आम्मपानी बाट बगेर आउने खोला भित्र पर्ने पर्यटकीय स्थल हो जहाँ नेपाल सरकार, सुदुरपश्चिम प्रदेश सरकार तथा शुक्लाफाँटा नगरपालिकाले विभिन्न भौतिक तथा पर्यटकीय संरचना निर्माण गर्न लगानी लगाएको भए पनि ती संरचनाहरु दीगो र भरपर्दो तरीकाले निर्माण गरेको देखिदैन ।






पयाप्त पर्यटकीय पुर्वाधारहरु तथा आवश्यक सुचनाहरु नहुँदा झरना सम्म घुम्न जाने पर्यटकहरुलाई अप्ठेरो हुने गरेको पाइन्छ । झरनाको प्रचार प्रसारमा स्थानीय जनसमुदायहरु वडा तथा नगरपालिकाले अहिले सम्म गरेका प्रयासहरु प्रसंशनीय भएपनि पर्याप्त चाही छैनन् ।बतासे झरनाको Water fall को लम्बाइ करीब ३०-३५ मिटर तथा पानी भित्रको अधिकत्तम गहिराइ १० मिटर र न्युनतम गहिराइ १.५ मिटर रहेको छ । झरनाको पानी जम्मा भएर बनेको तलाउको क्षेत्रफल करीब ३०० वर्ग मिटर रहेको छ । झरनाको जनिकै शौचालयहरु निर्माण गरीएको भएपनि शौचालयहरुको अवस्था प्रयोग गर्न सकिने अवस्थामा रहेका छैनन । त्यस्तै बतासे झरना (BATASE WATER FALL) लेखेर होडीङ्ग बोड तथा ५-६ वटा प्याराफिटहरु निर्माण गरीएका छन । वर्षेनि

करीब ५-७ हजार आन्तरिक तथा बाह्य पर्यटकहरु घुम्न र प्राकृतिक आन्नद लिन बतासे झरनाको भ्रमण गर्दछन ।

## ३.११ पशुपतिनाथ मन्दिर

**परिचयात्मक खण्ड**

| | |
|---|---|
| **ठेगाना** | **शुक्लाफाँटा नगरपालिका वडा नं ७ सिमफाटा** |
| **क्षेत्रफल** | **२.५ कट्ठा** |
| **मुख्य सडकको नाम र लम्बाइ** | **महेन्द्रराजमार्ग देखि उत्तर तर्फ वनसमिति कसरौल हुँदै सिमलफाटा रोडमा करीब ५कि.मि.भित्र** |
| Long.: | ८०˚ २०' ५४" |
| Lati.: | २८˚ ५६' ४२" |
| **वार्षिक पर्यटकहरूको संख्या** | **१०००-१५००** |
| **मुख्य पुजारी** | |
| **धार्मिक तथा पर्यटकीय स्थलको वार्षिक आय** | **करीब १.५ लाख** |

शुक्लाफाँटा नगरपालिका वडा नं ७ सिमलफाँटामा अवस्थित यो मन्दिर वि.स. २०६१ सालमा सिमलफाँटाका स्थानीय बासीन्दाहरुले पान सिह धामीको नेतृत्वमा लगभग २.५ कट्टा क्षेत्रफलमा मन्दिरको स्थापना गरी स्थानीयहरुले पुजा पाठ तथा मेला जात्रा मनाउँदै आएका छन।यो मन्दिरमा शिवरात्री पोष पन्ध्र तथा श्रावनमा मेला तथा जात्रा लाग्ने गर्दछ । यो मन्दिरमा आन्तरिक तथा बाह्य पर्यटक गरी करीब १०००- १५०० जना आउने गर्दछन



। मन्दिरका मेला जात्रा तथा पुजापाठ हुदाँ स्थानीयहरुले आर्यआर्जन गरी आ-आफ्नो जीविको पार्जन गर्दै आइरहेका छन ।यो मन्दिर सम्म पुग्नको लागि पुर्व पश्चिम राजमार्गको वनसमितिबाट उत्तर तर्फ कसरौल हुँदै सिमलफाँटा सडक खण्डको छेउमा करीब ५ किलोमिटर भित्र अवस्थित छ । स्थानिय जनसमुदायहरुले मन्दिरको समग्र विकासका लागि शुक्लाफाँटा नगरपालिका र चन्दा सहयोग तथा दान लिई मन्दिरको घेर पर्खाल निर्माण गरीएको छ ।मन्दिर व्यवस्थापन समितिले मन्दिरलाई पर्यटकीय स्थल बनाउनको लागि मन्दिरमा चार वटा ढोका, नन्दीको मुर्ती, सस्त्रलिङ्ग राष्ट्रिय झण्डा र नवग्रहको ध्वजा स्थापना गरीने बताउनु भएको छ ।



## ३.१२ बैजनाथ मन्दिर

| | |
|---|---|
| ठेगाना | शुक्लाफाँटा नगरपालिका वडा नं ५ राजपुर खजुवा |
| क्षेत्रफल | २ कट्ठा |
| मुख्य सडकको नाम र लम्बाइ | महेन्द्रराजमार्ग देखि दक्षिण तर्फ वनसमिति खजुवा रोडमा करीब ४ कि.मि. भित्र रहेको छ । |
| Long.: | ८०॰ १९' ४८" |
| Lati.: | २८॰ ५३' २९" |
| वार्षिक पर्यटकहरूको संख्या | १५००-२००० |
| मुख्य पुजारी | धौलदत्त भट्ट |
| धार्मिक तथा पर्यटकीय स्थलको वार्षिक आय | करीब १ लाख |

बैजनाथ मन्दिर शुक्लाफाँटा नगरपालिका वडा नं ५ राजपुर खजुवा भन्ने ठाउँमा अवस्थिति छ ।यो



मन्दिर भिमदत्त नगरपालिकाको रौटेला बाट स्थानीय जनसमुदायहरु सहित रघुविर साउँद र चन्द्र देव पाण्डेले शिला लिएर शुक्लाफाँटा नगरपालिकाको खजुवा भन्ने ठाउँमा २ कट्टा क्षेत्रफलमा स्थापना गरीएको थियो । मन्दिरमा शिव रात्री गौरा पर्व नवरात्री कृष्ण जनमाष्टमिलाई बिशेष पर्वका रुपमा भव्य तरीकाले मनाइने गरीन्छ भन्ने मन्दिरको मुख्य पुजा माघ शुक्लपक्षमा गरीने गरीन्छ ।यो मन्दिरको चौतर्फि विकास गर्नका लागि वडा कार्यालय र स्थानीयहरुको जनश्रमदानमा माटो भरान होम कुण्ड तथा भजन घर निर्माण गरीएको छ ।स्थानीयहरुको पहमा तथा लगानीमा बैजनाथ मन्दिर भित्रनै अर्को शिव मन्दिर स्थापना गरीएको छ ।मन्दिर व्यवस्थापन समितिले आगामि दिनहरुमा यो मन्दिरको घेर पर्खाल निर्माण गरी मन्दिरको थप व्यवस्थापन गर्ने योजना रहेको छ ।



# परिच्छेद-चार
# विविध

## ४.१ शुक्लाफाँटा राष्ट्रिय निकुन्जः

कञ्चनपुरको भिमदत्त नगरपालिकामा रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज २०२६ सालमा शिकार आरक्षको रुपमा स्थापना भई २०३२ सालमा १५५ वर्ग किमि क्षेत्रफललाई समेटी शुक्लाफाँटा वन्यजन्तु आरक्षको रुपमा घोषणा गरिएको हो ।२०३६ सालमा आरक्षको पूर्वतर्फको १५० वर्ग किमी क्षेत्रफललाई विस्तार गरी आरक्षको क्षेत्रफललाई ३०५ वर्ग किमी बनाइएको थियो । २०७३ साल फागुन ९ गते शुक्लाफाँटा वन्यजन्तु आरक्ष शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको रुपमा घोषणा गरिएको हो । शुक्लाफाँटा राष्ट्रिय निकुन्ज १७४ मिटरदेखि १३८६ मिटरको उचाइमा पर्छ | शुक्लाफाँटा नगरपालिकाको पश्चिमी सिमानामा यो राष्ट्रिय निकुन्जको पूर्वी क्षेत्रको अर्जुनी सेक्टर जोडिएको छ |

महाकाली नदीको पुरानो बहाव क्षेत्र भएको कारण विकसित हुनआएका फाँटाहरू, धाप र सिमभूमि यस निकुन्जको प्रमुख विशेषता हो।निकुन्जका कारण नेपालको पश्चिमी तराईमा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीहरूको बासस्थानको संरक्षण हुन पुगेको छ।निकुञ्जको ५२ प्रतिशत भूभाग सालको वन, १० प्रतिशत भूभाग सीमसार, ३० प्रतिशत भूभाग घासे मैदान, १६ प्रतिशत भूभाग नदीतटीय वन र दुई प्रतिशत मिश्रित वनले ढोकेको छ।यो निकुन्ज विश्वको सबै भन्दा ठुलो बथानमा बाह्रसिँगा पाइने स्थानको रूपमा चिनिने गरेको छ | यो निकुन्ज अन्य दुर्लभ बन्यजन्तु, पन्क्षि तथा वनस्पतिको लागि प्रसिद्ध छ | सन् २०१४ मा यस निकुन्जमा २,३०१ वटा बाह्रसिंगा गणना गरिएको छ । यो निकुन्ज जंगली हात्तीका लागि पनि उत्तिकै प्रख्यात छ । यहाँ करिब २०—२५ वटा जंगली हात्ती रहेका छन् । सन् २०१७ को गणना अनुसार यस निकुञ्जमा एकसिंङ्गे गैडाको संख्या १६ वटा रहेको छ भने सन् २०१८ मा गरिएको गणना अनुसार यस निकुन्जमा पाटे बाघको संख्या १६ रहेको छ । निकुन्जको अधिकतम भाग सालको जंगलले ढाकिएको छ । बाँकी सिसौ र खयरको जंगल र घाँसे मैदान छ । जंगली हात्ती, पाटेबाघ, चितुवा, घोडगधा, बाह्रसिंगा, जरायो, चित्तल, लगुना जस्ता स्तनधारी जनावर यस निकुन्जका प्रमुख वन्यजन्तु हुन् । त्यस्तै रानी ताल तथा अन्य स—साना तालहरूमा मगर गोहीहरू प्रशस्त पाइन्छन् भने रैथाने र बसाई सरी आउने गरी ४२४ भन्दा बढी चराचुरुङ्गीहरू पाइन्छन् ।
वन्यजन्तु अवलोकनका लागि यो निकुन्ज स्वर्ग मानिन्छ । मध्यवर्ती क्षेत्रका रूपमा रहेका शुक्लाफाँटा नगरपालिकाको केहि भागका बासिन्दाहरुलाई निकुन्जले लाभ मात्रै नभएर केहि चुनौतिहरुको पनि सामना गर्नु परेको छ | वन्यजन्तुको आक्रमण, बालीनालीको विनास तथा प्राकृतिक विपत्तिहरुको सामना गर्नु परेको छ | बिशेष गरेर हाती, बदेल, निल गाईहरुले

बालीनाली विनास गर्ने गरेको पाइन्छ | मध्यवर्ती क्षेत्रमा सहभागितामूलक संरक्षण, विकास र आयआर्जनका विभिन्न कार्यक्रमहरू संचालनमा रहेका छन् ।त्यसका बाबजुद बढ्दो जनसंख्या र मानवीय गतिबिधिहरुको कारणले संरक्षित चुनौतीम उक्त हुनसकेका छैनन् | निकुन्जभित्र रहेको बस्ती स्थानान्तरण गर्दाको जग्गा समस्या समाधान नहुनु र चरिचरण यस निकुन्जको प्रमुख समस्याको रूपमा रही आएको छ ।

## ४.२ कृष्णसार घासेमैदानः

सुदुरपश्चिम प्रदेशको प्रमुख पर्यटकीय गन्तब्यका रूपमा रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा विश्वकै सबैभन्दा ठुलो घासेमैदानमा देखिने विश्वकै सबैभन्दा ठुलो बाह्रसिँगाको झुण्डले यहाँ आउने पर्यटकको मनै लोभ्याउने गरेको छ | नेपालको तराईका संरक्षित क्षेत्रहरु मध्ये सबै भन्दा बढी वनस्पति प्रजाति पाइने क्षेत्र र क्षेत्रफलक हिसाबले सानो भएता पनि दुर्लभ वन्यजन्तु तथा पक्षि बढी पाइने, नेपालको तराईका संरक्षित क्षेत्रहरु मध्ये सबैभन्दा बढी खरमयुर र कृष्णसारको पुनर्स्थापना गरिएको नेपालको पहिलो संरक्षित क्षेत्र शुक्लाफाँटा राष्ट्रिय निकुन्जका बिशेषता हुन्। बासस्थानको सम्भावना राम्रो देखिएपछि पहिलो पटक शुक्लाफाँटामा २०६९ साल भदौमा नेपालगञ्ज तथा ललितपुरको सदर चिडियाखाना र २०७२ वैशाखमा बर्दियाको खैरापुरबाट यहाँ कृष्णसार स्थानान्तरण गरिएको हो । पहिलो चरणमा २८ र दोस्रो चरणमा १४ कृष्णसार स्थानान्तरण गरिएका थिए ।निकुञ्जको पूर्वी क्षेत्रको सुरक्षार्थ तैनाथ नेपाली सेनाको अर्जुनी पोष्ट पश्चिम उत्तर र राजमार्गदेखि करिब चार किलोमिटर उत्तरमा रहेको हिरापुरफाँटामा कृष्णसारका लागि ताल र 'सेड हाउस(छहारी) निर्माण गरिएको राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक र प्राविधिक सहयोगमा कृष्णसार स्थानान्तरण गरिएको हो । करिब चार वर्षको अध्ययन अनुसन्धानपछि शुक्लाफाँटामा कृष्णसार स्थानान्तरण गरिएको हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत संरक्षित वन्यजन्तुमा सूचीकृत कृष्णसार नेपालमा सबैभन्दा बढी बर्दियाको खैरापुरमा छन् । कृष्णसार यसअघि नेपालगञ्ज, ललितपुरको सदर चिडियाखान र बर्दियाको खैरापुरसँगै काठमाडौंको मृगस्थलीमा मात्रै रहेका थिए । घाँस चर्न र खुला ठाउँमा बस्न रुचाउने भाले कृष्णसार कालो र पोथी खैरो रङको हुन्छ । यसले मृग प्रजाति झैं छ/छ महिनामा बच्चा जन्माउने गर्छ । वयस्क नभएसम्म भाले र पोथीको रङ खैरो नै हुन्छ ।विश्वमै थोरै सङ्ख्यामा रहेका सङ्कटापन्न कृष्णसारका लागि यहाँको बासस्थान उपयुक्त देखिएको निकुञ्जले जनाएको छ । कृष्णसारको बासस्थानसँगै पर्यटकको सहज आवागमनका निम्ति हिरापुर फाँटासम्म सडक ग्राभेल गरिएको छ । त्यहाँ कृष्णसार हेर्न मचानसमेत निर्माण गरिएका छन् । उक्त क्षेत्रमा कर्मचारी निवास निर्माणका साथै सोलारसमेत जडान गरिएको छ ।

देशभर कृष्णसारको सङ्ख्या कम भएकाले तीनलाई जोगाउनका लागि यहाँ स्थानान्तरण गरिएको हो।

## ४.३ स्याली नदीः

स्याली नदी शुक्लाफाँटा नगरपालिकाको पश्चिम सिमानामा बग्ने नदी हो | यसले शुक्लाफाँटा राष्ट्रिय निकुन्ज र शुक्लाफाँटा नगरपालिका लाई छुट्याएको छ | स्याली नदीको उदगमस्थल चुरे फेदबाट निस्किने चुरेगाड खोला हो | चुरे बाट निस्किएर केहि तल हिरापुर पुगे पछि खरगाड सँग मिसिन्छ | स्याली नदी नगरपालिकाको वडा नं. ७,६,५,३ र २ को किनारा लाई आफ्नो बहाव क्षेत्र बनाउदै अघि बढछिन | शुक्लाफाँटा राष्ट्रिय निकुन्जबाट निस्किने खहरेहरुलाई साथ लिई वडा नं. ३ जोनापुर को उल्टापानी भन्ने ठाउमा सुनबरा सँग मिसीई दोदा नदी भेट्न लालझाडी गाउपालिका तिर बग्छिन | यो नदीमा हिउँदमा थोरै पानी भए पनि बर्षातमा निकै धेरै पनि हुन्छ | निकुन्जका चराचुरुंगी र जनावरहरुलाई पानी पीउन र नदी छेउका बस्तीहरूलाई पम्पसेट द्वारा पनि तानेरै भए पनि सिँचाईमा मदत गरेको छ |

## ४ ४.सुनबरा नदीः

शुक्लाफाँटा नगरपालिकाको मध्यभागमा बग्ने नदी सुनबरा हो | यस नदीको उदगमस्थल चुरे हो | चुरेबाट निस्किएको धरकटुवा नदी केहि तल आइपुग्दा गौरिगाड लाई भेट्छ | अलि तल गएर टोटि खोला खोला लाई पनि साथमै लिएर झलारी आइपुग्दा यो सुनबराका नामले चिनिन्छ | यो नदी नगरपालिकाका वडा नं. २,३,४,७,८,९,१० र ११ लाई छोएर बग्छ | बिचबिचमा स-साना खहरे खोला हरुलाई पनि साथमै लिएर बग्ने यो नदी वडा नं. ३ जोनापुरमा पुगेर स्याली नदीमा मिसिन्छ | हिउँदमा थोरै पानी भए पनि बर्षातमा निकै धेरै पानी रहने सुनबरा नदीको बहाव क्षेत्र फराकिलो छ | बर्षातको समयमा नदी कटानको समस्या पनि बिकराल छ | नदी किनारका बस्तीहरुलाई बर्षातको समयमा समस्या हुने गरेको छ | गाई भैसीलाई पनि खुवाउन, आहाल बसाउन, नुहाउन, लुगा धुन , पुम्पसेट द्वारा पानी तानेर सिंचाई गर्न मदत पनि गरेकै छ | सिमित मात्र मै भए पनि चुरे बाट बगेर आएका ढुंगा, गिट्टी, वालुवा उपलब्ध हुन्छ | वगरखेती मा संलग्न केहि किसानहरुले सुनबराको बगरमा लहरेबाली लगाएर तरकारी फलाई बिक्रि वितरण गरी आर्थिक फाइदा लिने गरेका छन् |

## ४.५ बनहरा नदीः

बनहरा नदीको उदगमस्थल चुरे हो | चुरे बाट निस्किने बतासे झरना केहि तल पुगी धारापानीमा मिसिदै गाउबस्ती सम्म आइपुग्दा अनौखी खोला क नामले चिनिन्छ | कृष्णपुर नगरपालिकाको

पश्चिमी सिमाना बाट दोमिल्ला खोला र भालु खोला आई अनौखी खोलामा भेटिन्छ र बनहरा नदीको नामले चिनिन्छ | बनहरा नदी शुक्लाफाँटा नगरपालिकाको पूर्वी सिमाना हो | बनहराले वडा नं. १,११ र १२ लाई छुदै कतै जंगलको बीच त कतै बस्तीको माझ हुदै बगी रहेको छ | फराकिलो बहाब क्षेत्र भएको बनहरा नदी अरु बेलामा शान्त भए पनि बर्षातको समयमा बिकराल रुपलिई नदी कटान गर्ने गरेको छ | बहाब क्षेत्र नजिकका बासिन्दा हरुलाई दुख मात्रै नदीएर सुबिधा पनि गरेको छ | गाई भैसीलाई पनि खुवाउन, आहाल बसाउन, नुहाउन, लुगा धुन , पुम्पसेट द्वारा पानी तानेर र कुलो बनाई सिंचाई गर्न, पानी घट्ट चलाई अन्न दाना पिस्न मदत पनि गरेकै छ | सिमित मात्र मै भए पनि चुरे बाट बगेर आएका ढुंगा, गिट्टी, वालुवा उपलब्ध हुन्छ | वगरखेती मा संलग्न केहि किसानहरुले सुनबराको बगरमा लहरेबाली लगाएर तरकारी फलाई बिक्रि वितरण गरी आर्थिक फाइदा लिने गरेका छन् | मृत्यु पछिको अन्त्येस्ती संस्कारको लागि बनहरा किनारमा समसानघाटको व्यवस्था पनि नगरपालिकाले गरेको छ |

## ४.६ नगर पर्यटकीय सास्कृतिक स्थलका अवसर तथा सम्भावनाहरुः

- विविध धार्मिक सांस्कृतिक परम्परा, मिश्रित रितीरिवाज, थारु संस्कृति, डेउडा, छलिया नाच, दन्ते गुफा, कृष्णसार घाँसे मैदान, मणीकाधाम, कालिका, रमाजानकी मन्दिर, डिलाशैनी, घटालबाबा मन्दिर, बतासे झरना, लगायत अन्य ताल तलैयाहरु धार्मिक पर्यटन विकासका लागि परिणत गर्न सकिने।
- धार्मिक तथा प्राकृतिक जैविक विविधताको रुपमा परिचित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज जस्ता क्षेत्र साहसिक पर्यटनको लागि प्रबल सम्भावना रहेको ।
- प्राकृतिक सुन्दरता, महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक सांस्कृतिक सम्पदाहरु रहेको ।
- धार्मिक पर्यटन प्रवर्द्धन मार्फत रोजगारी सिर्जना, गरिवी निवारण र जनताको जीवनस्तरमा वृद्धि ल्याई आर्थिक समृद्धिमा समेत सहयोग पुर्याउने सम्भावना रहेको।
- "पर्यटन पूर्वाधार समृद्ध नगरको आधार" भन्ने नाराका साथ संघीय सरकार, स्थानीय तह र नीजि क्षेत्रसंगको सहकार्यमा पर्यटन गुरुयोजना तयार गरिने भनेर नीति तथा कार्यक्रममा उल्लेख गरिएकोले यसबाट पर्यटन पूर्वाधार विकास निर्माणले पर्यटनमा टेवा पुग्ने सम्भावना रहेको ।
- छिमेकी मुलुक भारतका राज्यहरु जस्तै उत्तरप्रदेश, उत्तराखण्ड, हिमाचल प्रदेशमा यस प्रदेशको धार्मिक पर्यटन प्रवर्द्धनका लागि व्यापक प्रचारप्रसार गरेमा यस नगरपालिकामा भारतीय तथा विदेशी पर्यटकहरुको आवागमनमा वृद्धि भई आय आर्जन गर्न सकिने ।

- यस प्रदेशमा रहेका प्रमुख धार्मिक पर्यटकीय सम्भावना भएका क्षेत्रमा सडक, विजुली, बत्ती, नेटवर्क लगायत पर्यटकीय पूर्वाधारहरुको विस्तार गर्न सकिएमा आन्तरिक पर्यटकका साथै विदेशी पर्यटकहरुको आवागमनमा वृद्धि हुन सक्ने सम्भावना रहेको।
- स्तरीय होटल, पर्यटकहरुको सुरक्षाको प्रत्याभूति लगायत विभिन्न धार्मिक टुर प्याकेजहरुको व्यवस्था गर्न सकेमा यस नगरपालिकामा पर्यटकहरुको आगमनमा वृद्धि हुन सक्ने।
- धार्मिक पर्यटनसँगै यस नगरपालिकाको प्राकृतिक भुबनोट तथा आकर्षणको आधारमा भ्रमण, पदयात्रा, हाइकिङ्ग, गुफा अवलोकन, समुदायमा आधारीत होमस्टे, साइकिलिङ्क, चराचुरुङ्गी तथा वन्यजन्तु अवलोकन, जस्ता विभिन्न पर्यटकीय क्रियाकलापहरुको प्रचुर सम्भावेयता रहेको छ ।

## ४.७ नगर पर्यटकीय सास्कृतिक स्थलका समस्याहरु

- प्रचारप्रसारको कमी ।
- असहज र जोखिमयुक्त पदमार्ग ।
- पर्यटकीय क्षेत्रमा यातायात र सञ्चारको समुचित व्यवस्था मिलाउन नसक्नु, ।
- पर्यटकहरूको बसाइ लम्ब्याउने खालका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
- प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक महत्वका स्थलहरूको संरक्षण गर्न नसक्नु ।
- सडक, आवासगृह, खानेपानी, शौचालयजस्ता अत्यावश्यकीय पूर्वाधार बन्न नसक्नु ।
- नयाँ पुस्ताका युवा युवतीहरुमा आधुनिकरणको प्रभावले संस्कृति लोप हुदै जानु ।
- स्थानीय चाडपर्व, नृत्य, संगीत, भेषभुषा, खानपानको जगेर्ना गर्न नसक्नु ।
- आवश्यक भौतिक पुर्वाधारहरुको समस्या रहेको ।
- प्राकृतिक तथा सास्कृतिक महत्व बोकेका स्थलहरुको सरक्षण गर्न नसक्नु।
- बिश्राम स्थलको अभाव ।
- मठमन्दिरहरुमा बाध्यबाधन सामग्री को कमी ।
- मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि हुन नसक्नु ।
- मठ मन्दिर तथा धार्मिक स्थलहरुमा गरीने लगानी एकद्वार प्रणालीबाट हुन नसक्नु ।
- धार्मिक तथा पर्यटकीय क्षेत्रको सिमाङ्कन गर्न नसकेर ती क्षेत्रको जमिन अतिक्रमणबाट जोगाउन नसकीनु ।
- धार्मिक स्थलहरुको आर्यआर्जनमा पारदर्शिता कायम गर्न नसक्नु ।
- नगरपालिका सँग आफ्नो क्षेत्रमा के कति धार्मिक तथा पर्यटकीय क्षेत्रहरु छन भन्ने बारे यथोचित तथ्याङ्क नरहेको ।

## ४.८ नगर पर्यटकीय सास्कृतिक स्थलका चुनौतिहरु

- मेलाको समयमा हुने भिड व्यवस्थापन, जात्राको क्रममा भएको फोहर व्यवस्थापन, बहुसंख्यक पर्यटकको लागि खाने बस्ने प्रबन्ध मिलाउने कार्य चुनौतिपूर्ण छ ।
- पर्यटकीय सेवा तथा सुविधाका लागि आवश्यक आधारभूत पूर्वाधारहरुको कमीको कारणले गर्दा पर्यटकहरुलाई पर्यटनको उत्कृष्ट अनुभवको कमी मात्र नभई बेलाबखत नकारात्मक अनुभव समेत हुन गई त्यसले गन्तब्यको छविलाई झनै कमजोर बनाइ प्रत्युत्पादक भइरहेको चुनौती ।
- यस नगरपालिकाका प्राकृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्बद्र्धन एवं विकास गरी यस नगरलाई पर्यटकीय दृष्टिकोणले आकर्षक गन्तव्य स्थलको रुपमा विकास गरी सर्वसाधारणको जीविकोपार्जनका लागि रोजगारीका अवसरमा वृद्धि, जीवनस्तरमा सुधार ल्याई आर्थिक वृद्धिमा योगदान गर्नु ।
- अत्यावश्यक तथा स्तरीय पर्यटन मैत्री पुर्वाधारहरु जस्तै, धार्मिक तथा पर्यटकीय गन्तब्यहरु मणीकाधाम, बैजनाथ मन्दिर शिव मन्दिर तथा बतासे झरना पदमार्गमा यथेष्ट आरामदायी आवासगृह तथा रेष्टुरेण्ट, आधुनिक पर्यटन सुचना केन्द्रहरु, गन्तब्य नजिकै स्वास्थ्य केन्द्र, आपतकालीन पर्यटक खोज तथा उद्दार केन्द्र तथा उपकरण, पर्यटक प्रहरीको न्यूनता ।
- नगरपालिकाका ग्रामीण क्षेत्रमा स्थानीय समुदायको स्वामित्वमा प्रतिस्पर्धा र गुणस्तरीय धार्मिक पर्यटन सेवाको विकास गरी विद्यमान पर्यटकीय पूर्वाधार सञ्चालनमा सुधार ल्याउन ।
- प्रादेशिक तथा नगरपालिका स्तरमा धार्मिक पर्यटकीय गन्तब्यको प्रणालीगत तथा व्यवस्थित विकासको लागी पर्याप्त अध्ययन तथा अनुसन्धान, पर्यटन गुरुयोजना, रणनीतिक निर्देशिका तथा आयोजनाहरु निर्माण गरी कार्यान्वयन गर्नु ।
- नगरपालिका भित्रका धार्मिक पर्यटकीय पूर्वाधार विकासतर्फ लगानी प्रवद्र्धन गर्नुका साथै पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु ।
- विकट तथा दुर्गम स्थानमा अवस्थित धार्मिक पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार निर्माण कार्य स्थानीय वासीलाई समेत सम्मिलित गराई योजना कार्यान्वयन गर्नु ।
- धार्मिकस्थलको भ्रमणमा स्थलमार्गबाट आउने भारतीय पर्यटकहरु तथा आन्तरिक पर्यटकहरुको तथ्याङ्क संकलन गर्ने कार्यको उचित संयन्त्र निर्माण गर्नु ।
- विद्यमान धार्मिक पर्यटकीय स्थलहरूको बजारीकरण एवं नयाँ स्थानहरुको पहिचान गरी त्यसतर्फ पर्यटक आकर्षण गर्न पर्यटकीय क्षेत्रको नक्साङ्कन तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी प्रचार प्रसार गर्नु ।

- आन्तरिक, भारतीय तथा अन्य बाह्य बजारमा नगरपालिका स्थित प्रसिद्ध धार्मिक पर्यटकीय स्थललाई उच्च प्राथमिकताका साथ प्रचार–प्रसार र प्रवद्र्धन गर्ने र धार्मिक पर्यटकहरूको आगमनलाई अधिकतम बनाउने ।

## ४.९ नगरपालिकालाई सुझावहरु

- शुक्लाफाँटा नगरपालिकामा अवस्थित प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलहरुको धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गर्न आवश्यक गुरुयोजना तथा रणनीति निर्माण गर्नुपर्ने ।
- धार्मिक तथा पर्यटकीय गन्तब्यहरु जस्तै मणीकाधाम बैजनाथ मन्दिर तथा बतासे झरना पदमार्गमा यथेष्ट आरामदायी आवासगृह तथा रेष्टुरेण्ट, आधुनिक पर्यटन सूचना केन्द्र, गन्तब्य नजिकै स्वास्थ्य केन्द्र, आपतकालीन पर्यटक खोज तथा उद्दार केन्द्र तथा उपकरण, पर्यटक प्रहरीको सुनिश्चितता हुनुपर्ने ।
- यस नगरपालिकामा रहेका प्रमुख धार्मिक पर्यटकीय सम्भावना भएका क्षेत्रमा आवश्यक पूर्वाधार जस्तै सडक, विजुली, बत्ती, खानेपानी, नेटवर्क लगायत पर्यटकीय पूर्वाधारहरुको विस्तार गर्न सकिएमा आन्तरिक पर्यटकका साथै विदेशी पर्यटकहरुको आवागमनमा वृद्धि गर्न सकिने ।
- स्थानीय तथा प्रदेश सरकारले धार्मिक पर्यटन प्रवर्द्धन तथा पूर्वाधार निर्माणमा गर्ने पुँजीगत खर्च क्रमश घट्दै गईरहेकोले उपर्युक्त शीर्षकमा यथोचित र पर्याप्त बजेट विजियोजन गरी नगरको धार्मिक पर्यटन विकास तथा विस्तारमा अग्रणी भूमिका निभाउनुपर्ने ।
- नगरपालिकाका विभिन्न धार्मिक पर्यटकीयस्थलमा वार्षिक/अर्ध–वार्षिक रुपमा आयोजना हुने सांस्कृतिक चाडपर्व तथा मेला उत्सवको वार्षिक क्यालेण्डर प्रकाशन एवं प्रचार–प्रसार गर्ने ।
- पर्यटन प्रवर्द्धनका लागि प्रमुख वार्षिक मेला तथा उत्सव (पोर्टफोलियो) छनोट गरी तिनको प्रवर्द्धन र कार्यान्वयनमा सघाउने ।
- स्थानीय मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको अभिलेख तयार पारी तिनलाई धार्मिक पर्यटन प्रवर्द्धनका क्रियाकलापसँग आबद्ध गरी स्थानीय जनतालाई आय तथा रोजगारीका अवसरहरू सृजना गर्ने ।
- धार्मिक पर्यटनलाई ग्रामीण पर्यटनसँग आबद्ध तथा प्रवर्द्धन गरी स्थानीयस्तरमा साना तथा मझौला उद्यम विकास गर्ने र निर्यातजन्य सामग्री तथा सेवा उत्पादन गर्ने ।
- धार्मिक पर्यटनमा आउने पर्यटकहरुको बसाई अवधि तथा दैनिक खर्च सीमा वृद्धि गर्न पर्यटन सेवाको विविधिकरण तथा आधुनिकीकरणमा ध्यान दिनुपर्ने ।
- प्रमुख धार्मिक तथा आध्यात्मिक क्षेत्रहरूमा तीर्थालुहरूका लागि आवास (धर्मशाला) तथा विश्रामस्थल निर्माण गर्ने ।

- छिमेकी देश भारतको उत्तराखण्ड तथा उत्तर प्रदेश राज्यमा हिन्दु धर्मावलम्बीको संख्या करिब १५ करोड भन्दा माथि छ । त्यसैले, सुदूरपश्चिम प्रदेशमा लगायत शुक्लाफाँटा नगरपालिकाका धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने विशिष्ट प्रकारको प्रचार–प्रसार संयन्त्र तथा बजारीकरणको रणनीति बनाई कार्यान्वयन गर्नु पर्ने ।
- नगरपालिकाद्धारा निर्माण गरिएको पर्यटनसँग सम्बन्धित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधिको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।
- नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (सन्२०१६–२०२५) सँग मिल्ने गरी नगर गुरुयोजना तयार गर्ने ।
- धार्मिकस्थलको भ्रमणमा स्थलमार्गबाट आउने बाह्य तथा आन्तरिक पर्यटकहरुको तथ्याङ्क संकलनको लागि उचित संयन्त्र निर्माण गर्ने ।
- विविध प्रकारका सामाजिक सञ्जालको माध्यम ( Facebook, Youtube, Instagram, Twitter आदि) बाट यस नगरपालिकामा अवस्थित प्रसिद्ध धार्मिक पर्यटकीयस्थलको बारेमा श्रव्य–दृश्य मिश्रित जानकारी तथा सूचना प्रवाह गरी प्रचार प्रसारलाई Digitally रुपान्तरण गर्नुपर्ने ।
- यस नगरपालिकाका धार्मिक, प्राकृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्बर्द्धन एवं विकास गरी नगरपालिकालाई पर्यटकीय दृष्टिकोणले आकर्षक गन्तव्यस्थलको रुपमा स्थापना गर्नुपर्ने ।
- नगरपालिकामा रहेका पर्यटकस्तरीय होटल तथा होमस्टले प्रदान गर्ने सेवाको स्तरोन्नति गर्नुपर्ने, अग्रिम बुकिङ्ग तथा सेवा सुविधा सम्बन्धी जानकारीको लागि पर्यटकहरुले विद्युतीय माध्यमबाट सबै सूचना हासिल गर्न सक्ने गरी होटल व्यवसायीहरुले स्तरवृद्धि गर्नुपर्ने ।
- धार्मिकस्थलमा रहेका दानपेटिका, होटल तथा स्थानीय बजारमा भुक्तानीको लागि आधुनिक भुक्तानीका माध्यमहरु जस्तैः QR, मोवाइल बैकिङ्ग तथा अन्य विद्युतीय भुक्तानीका माध्यमको प्रयोग गर्न प्रोत्साहन गर्नुपर्ने ।
- प्रसिद्ध धार्मिक पर्यटकस्थलहरुमा मेला, पर्व, जाँत आदी समारोहमा अत्याधिक भीड हुने भएकोले उक्त समयमा शान्ति तथा सुरक्षाको दृष्टिकोणले सुरक्षा निकायको बाक्लो उपस्थिति, सि.सि.टि.भि. निगरानी तथा अग्नि नियन्त्रक उपकरणहरुको व्यवस्थामा ध्यान दिनुपर्ने ।
- कानुनी रुपमा दर्ता नगरी अनौपचारिक रूपमा सञ्चालित रेष्टुरेन्ट, होमस्टे, लज, धर्मशाला आदिको मापदण्ड तयार गरी वर्गीकरण गर्ने प्रबन्ध मिलाउने। यसबाट अनौपचारिक क्षेत्रमा सञ्चालित व्यवसायहरु औपचारिक दायरामा ल्याउन सकिने।
- धार्मिक पर्यटनको सम्भावनालाई बढाउन लैङ्गिक मूलप्रवाहीकरण तथा अपाङ्गमैत्री पूर्वाधारको निर्माण गर्ने ।

## ४.१० धार्मिक तथा पर्यटकीय स्थलहरुका केही तस्बीरहरुः












श्री शैलेश्वर केदार चनौराज दोगडा
ॐ
गौरा व्यवस्थापन संस्था


श्री राममन्दिर गोरखधुना
प्रवेशद्वार
स्वागतम
स्वागतम




श्री बैजनाथ मन्दिर
ॐ
स्थापित-२०६१
शु.न.पा.-७,सिमलफाँटा,कञ्चनपुर





ॐ
श्री
मन्दिर
झलारीपिपलाडी-६,कसरौल







पालना गरौं।
शु.न.पा./NTB/UNDP
सावधान! तपाईं CCTV क्यामेराको निगरानीमा हुनुहुन्छ।
शु.न.पा./NTB/UNDP






BATASE
Waterfall



DADELDHURA
Parashuram
Alital
Jorayal
DOTI
Chure
China
Mountain
Hill
Terai
India
Shuklaphanta Municipality
Batase Jharana
Bhalka Baijhnath Temple
Pashupatinath Temple
Masta Temple
Shiv Temple
Buffer Zone
Baijhnath Temple
Shivgauri Temple
Shuklaphanta
KANCHANPUR
Baijhnath Temple
Shiv Temple
Rauleshwor Temple
Krishna Temple
Shuklaphanta Municipality
KAILALI
Krishnapur
Godawari
Shuklaphanta Wildlife Reserve
Laljhadi
Beldandi
0 130 260 Km
Legend
Buffer_Zone
Shuklaphanta_NP
Palika Boundary
District Boundary
Forest Type
Chir Pine Forest
Chir Pine-Broad Leaved Forest
Hill Sal Forest
Lower Tropical Sal and Mixed Broad Leaved Forest
Temples
Ward Boundary
River Network
Forest Area
Settlements
Cropland

# सन्दर्भ सामाग्रि


- शुक्लाफाँटा नगरपालिकाको वस्तुस्थिति विवरण ।
- नगरपालिकाको नीति तथा कार्यक्रमहरु ।
- शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको वेभ पेज ।
- सुदूर पश्चिम प्रदेशमा धार्मिक पर्यटनको सम्भावना तथा चुनौति, एक अध्ययन नेपाल राष्ट्र बैङ्क धनगढी शाखा
- Ekantipur.com
- Setopati.com
- State7online
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- पर्यटन विभाग
- पुरातत्व विभाग
- उधोग वन वातावरण तथा पर्यटन मन्त्रालय सुदूरपश्चिम प्रदेश